# निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

## शोधपत्र


शोधकर्ता :

श्यामकुमार श्रेष्ठ

त्रि.वि.वि. दर्ता नं. : ४५२५२-९१

परीक्षा रो.नं. : २४०००४९/०६५



त्रिभुवन विश्वविद्यालय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

श्रावण, २०७०


निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था, शोधकर्ता :श्यामकुमार श्रेष्ठ, श्रावण, २०७०

# निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको
आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

## शोधपत्र


शोधकर्ता :

श्यामकुमार श्रेष्ठ

त्रि.वि.वि. दर्ता नं. : ४५२५२-९१

परीक्षा रो.नं. : २४०००४९/०६५

त्रिभुवन विश्वविद्यालय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


**श्रावण, २०७०**

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता श्यामकुमार उ

**"निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

उप. प्रा. देनप्रसाद लामिछाने

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति :२०७०/०४/१२ (28th July, 2013)

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी श्यामकुमार श्रेष्ठद्वारा तयार पारिएको **"निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था"** विषयको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

उप. प्रा. कुवेरनाथ शर्मा — विभागीय प्रमुख ........................

२. उप. प्रा. देनप्रसाद लामिछाने — शोध निर्देशक ..........................

३ प्रा. ............................. — वाह्य परीक्षक ............................

मिति : २०७०/०४/

Tel.: 056-520754, 522558, 523021, Fax: 056-523021, E-mail: saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्य भार पूरा गर्नका लागि "**निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था**" शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । शोधकार्यको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समयबाट फुर्सद निकालेर महत्त्वपूर्ण निर्देशन दिनुहुने आदरणीय गुरु तथा शोधनिर्देशक उप-प्राध्यापक देनप्रसाद लामिछानेप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधको शीर्षक चयन देखि लिएर शोधपत्रलाई अन्तिम रुप प्रदान गर्दासम्म अनवरत रुपमा आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख सम्मान्य गुरु उप-प्राध्यापक कुवेरनाथ शर्माप्रति अभार प्रकट गर्दछु ।

शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलनमा सहयोग र स्रोत उपलब्ध गराउने सप्तगण्डकी बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति चिर ऋणी छु । त्यस्तै लेखन कार्यमा हरतरहबाट सहयोग र सुझाव दिनुहुने उप. प्राध्यापक रमाकान्त सापकोटा, उप.प्राध्यापक होमनाथ सापकोटा, स. प्राध्यापक जयकृष्णशर्मा लगायतका विद्वत वर्गप्रति पनि आभार प्रकट गर्दछु ।

यो अध्ययन अनुसन्धानकोक्रममा सोधिएका प्रश्नहरुको उत्तर दिएर सहयोग प्रदान गर्नु हुने छनोटमा परेका सम्पूर्ण उत्तरदाताहरु साथै शोधपत्रलाई समयमै टाइप गरी सहयोग पुऱ्याउनु हुने न्यू सौरभ फोटोकपी परिवार पनि धन्यवादका अभिन्न पात्र हुनुहुन्छ ।

शोधकर्ता

श्यामकुमार श्रेष्ठ

# शोध सार

निरन्तर विद्यार्थी मूल्याङ्कन भन्नाले विद्यार्थीको शैक्षिक क्रियाकलापका साथै व्यक्तिको व्यक्तित्वका समग्र पाटाहरु समेट्ने गरी निरन्तर रुपमा गरिरहने मूल्याङ्कनको परिपाटीलाई नै निरन्तर विद्यार्थी मूल्याङ्कन भनेर भनिन्छ। निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि सर्वप्रथम शिक्षकलाई आवश्यक तालिम, विद्यालयमा आवश्यक भौतिक सुविधा, प्रयाप्तमात्रामा शैक्षिक सामग्री हुनु आवश्यक रहन्छ। विद्यार्थीको सर्वाङ्गीण पक्षलाई आधार मानेर गरिने मूल्याङ्कन भएको हुँदा निरन्तर विद्यार्थी मूल्याङ्कन परम्परागत लिखित मूल्याङ्कन भन्दा प्रभावकारी रहेको देखिन्छ। सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन के कसरी भएको छ र यसको कार्यान्वयनको अवस्था के कस्तो छ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि "निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था" सम्बन्धी शीर्षकमा यो शोधपत्र तयार पारिएको छ। सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था अध्ययन गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रक्रियाको अध्ययन गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा देखिएका समस्याहरु पहिचान गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा देखिएका समस्याहरु न्यून पार्न निराकरणका उपायहरु सुझाउनु नै यस अध्ययन अनुसन्धानका मुख्य उद्देश्यहरु रहेका छन्।

मेरी पार्कर फलेट र एल्टन मायोको मानव सम्बन्ध सम्बन्धी सिद्धान्तलाई आधार मानी गरिएको यो शोधपत्र मुलतः गुणात्मक प्रकृतिको रहेको छ। यस अध्ययनलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि पार्वतीपुर स्रोतकेन्द्रका जम्मा २८ ओटा सामुदायिक विद्यालयहरु मध्येबाट ६ वटा विद्यालयका शिक्षक ३८ जना, प्र.अ. ६ जना, स्रोतव्यक्ति १ जना, वि.व्य.स. ६ अध्यक्ष जरी जम्मा ५१ जनालाई पूर्ण सम्भावनायुक्त नमुना छनोट विधिको आधारमा गोलाप्रथाद्वारा अध्ययनको जनसंख्याको रुपमा छनोट

गरिएको छ । तथ्याङ्क सङ्कलनका क्रममा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरी अन्तरवार्ता प्रश्नावली छलफल तथा अवलोकन फारमलाई आधार बनाइएको छ ।

छनोटमा परेका विद्यालयहरुको अध्ययन अनुसन्धान गर्दा विद्यालयमा विद्यार्थी मूल्याङ्कनको साधनका रुपमा विशेष गरी परीक्षा प्रणालीलाई नै आधार मानिएको पाइयो । विद्यालयमा भएको कमजोर भौतिक अवस्था, शिक्षक विद्यार्थी तथा विद्यालय प्रशासन विचमा सुमधुर सम्बन्धको अभाव, शिक्षकहरुलाई राजनीतिक प्रभाव, शिक्षकका लागि बढ्दो पिरियडभार जस्ता कुराहरुले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन नसकेको जानकारी प्राप्त भएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा ज्ञानको मूल्याङ्कन मात्र नभई सीप र व्यवहारको समेत मूल्याङ्कन गर्नु पर्ने हुन्छ । विद्यार्थीको मूल्याङ्कन गर्दा लिखित परीक्षालाई मात्र आधार नबनाई विद्यार्थीको सर्वाङ्गिण पक्षलाई आधार बनाउनु आवश्यक रहेको देखिन्छ भने विद्यालयबाट प्राप्त जानकारी अनुसार विद्यालयमा शिक्षकलाई बढी पिरियड भार, आवश्यक तालिमको अभाव जस्ता कुराले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको कार्यान्वयन प्रभावकारी नभएका कारण आवश्यक शैक्षिक सामग्री र दक्ष शिक्षक तथा शिक्षक, विद्यालय प्रशासन  र विद्यार्थी बीच सुमधुर सम्बन्ध हुनुपर्ने निष्कर्ष निकालिएको छ ।

## विषयसूची


**सिफारिसपत्र** I

**स्वीकृतिपत्र** II

**कृतज्ञता** II

**शोधसार** IV

**विषय सूची** VI

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमि 1

१.२ समस्याको कथन 9

१.३ अध्ययनको औचित्य 10

१.४ अध्ययनको उद्देश्य 11

१.५ अनुसन्धानात्मक प्रश्न 12

१.६ अध्ययनको परिसीमा 12

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ पूर्व साहित्यको पुनरावलोकन 13

२.२ सैद्धान्तिक खाका 17

२.३ शैक्षिक उपादेयता 18

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धनात्मक ढाँचा 20

३.२ अध्ययनको जनसंख्या 20

३.३ नमूना छनौट विधि 21

३.४ तथ्यांकको स्रोत 21

३.५ तथ्यांक संकलनका साधनहरु 22

३.६ तथ्यांकको ब्याख्या एवं विश्लेषण प्रक्रिया 22

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था 24

४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया ३२

४.३ निरन्तर विद्यार्थी मूल्याङ्कनका समस्याहरु 35

4=4 निरन्तर विद्यार्थी मूल्याङ्कनका समस्या न्यूनीकरणका उपायहरु ३७

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति 41

५.२ निष्कर्ष 42

५.३ सुझावहरु 43

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# परिच्छेद : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभुमी

शिक्षा मानव जिवनको एउटा महत्वपूर्ण पक्ष हो । शिक्षाद्वारा मानवले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ र आफ्नो आचार, विचार र रहनसहनमा परिवर्तन गर्दछ । शिक्षाद्वारा नै संसारको आर्थिक, बैज्ञानिक, सामाजिक सांस्कृतिक तथा आध्यात्मिक उन्नती सम्भव हुन्छ । शिक्षाको जन्म मानव समाज सँग सँगै भएको मानिन्छ । त्यसैले मानव समाज रहुन्जेल शिक्षा पनि क्रियासिल रहिरहन्छ भन्दा अत्युक्ति नहोला । यो एउटा जीवनपर्यन्त र निरन्तर रुपमा चलिरहने प्रकृया हो ( शर्मा २०६३)

नेपालमा शिक्षाको इतिहास प्राचिन समय देखिनै सुरु हुन्छ । त्यस बेलाको शिक्षाको पूर्वाधार घर वा पारिवारीक शिक्षालाई मानिन्छ । त्यस बेलामा आमाले छोरीलाई र बाबुले छोरालाई सामाजिक रीतिरिवाजको शिक्षा दिने गर्दथे । छोराछोरीलाई घरायसी कामकाज, कुलाचार, सदाचार सम्बन्धि कुराहरु, माया ममता, शिष्टाचारका माध्यमबाट सिकाउने प्रथा थियो । त्यस्तै समाजमा प्रचलित विभिन्न सामाजिक रितीरिवाज परम्परा तथा मान्यताहरुलाई सँगाल्ने खालका शिक्षा दिइन्थ्यो । समय बित्दै गयो र समाजको जटिलता बढ्दै गएपछि समाजलाई पूर्ण व्यवस्थित बनाउनका लागि वर्णाश्रम व्यवस्थाको सूरुवात भयो । जसमा मानिसको जिवनलाई पूर्ण संयमीत बनाउने चिन्तनको विकास भयो । मानिसको आयुलाई १०० वर्ष मोटोमोटी रुपमा कायम गरी २५ वर्ष सम्म ब्रह्मचार्य आश्रम, त्यसपछि ५० वर्ष सम्म ग्रहस्थ आश्रम त्यसपछि ७५ वर्ष सम्म वानप्रस्थ आश्रम, र त्यसपछिको १०० वर्ष सम्म सन्यास आश्रममा बाँडियो । यसै क्रममा ब्राम्हण गुरु, पुरोहित वा समाजमा शिक्षा दिने व्यक्तिहरु पथ प्रर्दशकको रुपमा अघि सरे (सिंह २०६३ ) ।

मूल्याङ्कन शिक्षा र मनोविज्ञानको क्षेत्रमा प्रयोग गरिने तुलनात्मक रुपमा नयाँ धारणा हो । यो मापन भन्दा बढी व्यापक स्वरुपको हुन्छ । मापनले परिमाणात्मक लेखाजोखा गर्दछ भने

मूल्याङ्कनले परिमाणात्मक लेखाजोखा गर्नुको साथै गुणको मुल्य समेत निर्धारण गर्दछ । यसले गुणात्मक स्वरुप बारे निर्णय पनि दिन्छ । यसले गुणको परीमाणलाई उपयुक्त, अनुपयुक्तको विभिन्न वर्गमा स्तरिकरण गरी यसको स्वरुप बारे पनि दृष्टिकोण प्रस्तुत गर्दछ । यसरी मुल्याङ्कन मापन र मुल्य निर्धारणको मिश्रीत रुप हो ।  मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो जुन मापन भन्दा बढी ब्यापक हुन्छ । यसले गुणात्मक र संख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया,शिक्षण सामाग्री आदिको समेत लेखाजोखा गर्दछ । मूल्याङ्कनको अवधारणा चीनवाट भएको मानिए पनि मूल्याङ्कनको आधुनिक विकासको दृष्टिकोण पश्चिमि मुलुककै देन  मान्नुपर्दछ । हुनत मूल्याङ्कनको सुरु विकास धारणा आदिमा शिक्षाका विद्धान बिच फरक फरक मत नपाइएको होइन । यो धारणालाई मूल्याङ्कनको आधुनिक बदलिदो एवं विस्तृत दृष्टिकोणसँग गास्नु आवश्यक छ । मूल्याङ्कन दैनिक जिवनमा निरन्तर र नियमित भइरहेको हुन्छ (ज.ब.रा. २०६४) ।

विद्यार्थी मूल्याङ्कन गर्नु भनेको विद्यार्थीको कार्य सम्पादनको लेखाजोखा गर्नु हो । विषयवस्तुको उद्देश्यअनुरुप पढाईसकेपछि विभिन्न किसिमका परीक्षा सम्बन्धि योजनाहरु बनाउनु, प्रश्नावलीहरु निर्माणगर्नु, प्राप्ताङ्क दिनु, श्रेणी विभाजन गर्नु, सुधारात्मक प्रक्रिया लागु गर्नु , विद्यार्थीको बानी व्यवहार सुध्रियो या सुध्रिएन भनी हरेक गतिविधिको अध्ययन गर्नु र रचनात्मक अभिरुची जगाउने खालका कुनै पनि कार्यहरु गर्नु विद्यार्थी मूल्याङ्कन भित्र पर्दछन् । छोटो रुपमा भन्दा विद्यार्थीले प्राप्त गर्ने शैक्षिक उपलब्धि प्राप्त भएको छ-छैन भनी मूल्याङ्कन गर्नु नै विद्यार्थी मूल्याङ्कन हो ।

विद्यार्थीहरुलाई निश्चित उद्देश्यहरुका आधारमा शिक्षण गराईन्छ यस्ता उद्देश्यहरु पुरा भए भएनन् भनी थाहा पाउन मूल्याङ्कनको आवश्यकता पर्दछ । मूल्याङ्कन राम्रो गर्नका लागि उद्देश्यहरु स्पष्ट र विशिष्ट हुनु आवश्यक छ । शैक्षिक उद्देश्यहरु साधारण वा अस्पष्ट भएमा मूल्याङ्कन प्राय असम्भव नै हुन्छ । यदि हामिले राखेका उद्देश्यहरु मध्ये केही मात्र पुरा भएमा शिक्षण सिकाइमा सुधार गर्नु जरुरी छ भन्ने कुरा स्पष्ट हुन्छ । यसरी स्पष्टता भए पछि मूल्याङ्कनले मार्ग निर्देशन गर्दछ । मूल्याङ्कन एक चोटी गरेपछि चुप लागेर बस्नु हुदैन । यो निरन्तर चलिरहने प्रक्रिया हो ।  विद्यार्थी

मूल्याङ्कनमा ज्ञानको मात्र मूल्याङ्कन नभइ सीप तथा व्यवहारिक विकासको समेत लेखाजोखा गर्नुपर्ने हुन्छ । त्यसैले विद्यार्थी मूल्याङ्कन गर्दा लिखित परीक्षामा मात्र सिमित रहनु हुदैन । लिखित परीक्षाले विद्यार्थीको उपलब्धि (ज्ञान) मात्र थाहा पाउने हुँदा सीप विकास र व्यवहारीक विकासका लागि मौखिक परीक्षा प्रयोगात्मक परीक्षा, अवलोकन आदिको निरन्तर प्रयोग गरिरहनु पर्दछ (शर्मा, २०५५) ।

सार्वजनिक परीक्षा प्रणालीको माध्यमबाट लिइएको परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेका अङ्कले उनीहरुको समग्र व्यक्तित्वको मूल्याङ्कन गर्ने कुरामा विश्वस्त हुन सकिदैन भन्ने विषयमा सामान्यत सबैको सहमति रहेको पाइन्छ । निश्चित अवधिमा व्यक्तिको निराशाका विविध पाटाहरु खुलेका हुन्छन् र उनीहरुले हाँसिल गरेका उपलब्धिहरु विभिन्न समयमा अलग अलग ढङ्गले मुखरीत भइरहेका हुन्छन् । जसलाई बाह्रय परीक्षा प्रणालीबाट समेट्न सकिदैन । तसर्थ निरन्तर मूल्याङ्कन पद्धतिको अवधारणा अघि सारिएको हो । शैक्षिक क्रियाकलापका साथै व्यक्तिको व्यक्तित्वका समग्र पाटाहरुलाई समेट्ने गरी निरन्तर रुपमा गरिरहने मूल्याङ्कनको परिपाटीलाई निरन्तर मूल्याङ्कन पद्धती भन्ने गरिन्छ (नि.मा.तथा मा.वि. प्र.अ.का लागि सक्षमतामा आधारीत वि.व्य.तालिम स्रोत सामग्री २०६१ ) ।

निर्णयात्मक मूल्याङ्कन विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण छुट्याउने र उनीहरुको श्रेणी तथा स्तर निर्धारण गर्ने उद्देश्यका लागि गरिन्छ । यस्तो मूल्याङ्कन शैक्षिक शत्रको अन्त्यमा वा तोकिए अनुसार बीचबीचमा व्यवस्थित प्रश्नपत्र र लिखित परीक्षाका माध्यमबाट गरिन्छ । तोकिएको समयमा परीक्षा हुने, खास प्रक्रियाबाट छानिएका प्रश्नमा विद्यार्थीले लिखित परीक्षा दिने, तोकिएका विषयमात्र मौखिक तथा प्रयोगात्मक परीक्षा हुने, विद्यार्थीहरु उत्तीर्ण अनुत्तीर्णको घोषणा गरिने भएकोले निर्णयात्मक मूल्याङ्कन औपचारिक प्रकृतिको हुन्छ । विद्यालय शिक्षाको सन्दर्भमा निर्णयात्मक मूल्याङ्कनलाई नै विद्यार्थी मूल्याङ्कनका रुपमा लिने प्रचलन रहि आएको छ । तर हिजोआज निर्माणात्मक/सुधारात्मक उद्देश्यले गरिने विद्यार्थी मूल्याङ्कनले प्राथमिकता पाउन थालेको देखिन्छ । शिक्षण सिकाइ प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य गरेका सिकाइ उद्देश्यहरु विद्यार्थीमा पुरा गराउन गरिने मुल्याङ्कन निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन हो । शिक्षण सिकाइलाई प्रभावकारी

बनाउने उद्देश्य अनुसार यो मूल्याङ्कन  शिक्षण सिकाइ क्रियाकलाप सँगै निरन्तर चलिरहन्छ। त्यसैले मूल्याङ्कनलाई सरल भाषामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनिएको हो। जस्तै कक्षाकार्य, गृहकार्य, परियोजनाकार्य अवलोकन आदि माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई निरन्तर मूल्याङ्कन गर्न सकिन्छ। विद्यार्थीको निरन्तर मूल्याङ्कन मूलत कक्षाकार्य बाटै हुन्छ। कक्षाकार्य गराउदा विद्यार्थीको क्रियाकलापमा शिक्षकले विशेष ध्यान दिइरहनुपर्दछ अत : निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतीमा विद्यार्थीको मूल्याङ्कनका लागि कक्षाभित्र वा वाहिर गरीने शिक्षण सिकाइ सम्बन्धि क्रियाकलापनै मूल आधार हो। (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका, २०७०)

वर्षको दुई वा तीन पटक परीक्षा लिई विद्यार्थीहरुलाई उत्तीर्ण अनुत्तीर्ण घोषणा गर्नुको सट्टामा प्रत्येक शैक्षिक सत्रको सुरुदेखी अन्तसम्म नै विभिन्न मूल्याङ्कनका विधिहरु प्रयोग गरी क्रमिकरुपमा विद्यार्थीहरुको मूल्याङ्कन गरीरहनुलाई नै मूल्याङ्कन प्रणाली भनिन्छ। यस प्रणालीमा औपचारीक रुपमा परीक्षा लिने विधिलाई महत्व दिइदैन। यसको सट्टामा विद्यार्थीहरुको दैनिक कक्षाकार्य तथा गृहकार्य र उनीहरुको व्यवहारमा आउने परीवर्तन अवलोकन गरेर निरन्तर रुपमा मूल्याङ्कन गरिन्छ। तर आवश्यकता अनुसार अनौपचारीक रुपमा परीक्षा लिएर पनि विद्यार्थीहरुको मूल्याङ्कन गर्न सकिन्छ। यस प्रणाली अनुरुप विद्यार्थीहरुको मूल्याङ्कन गर्न प्रत्येक विद्यार्थीको प्रगतीको अभिलेख राख्नु जरुरी छ। यसको लागि प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका राखिन्छ। यो काम गर्ने दायित्व शिक्षकको हो । यस प्रणालीले गर्दा विद्यार्थीहरुलाई उनीहरुको प्रगती बारेमा निरन्तर रुपमा जानकारी दिई समयमै उनीहरुको सिकाइमा प्रगती गर्न मद्दत गर्दछ। यसरी नै तिनिहरुको सिकाइ प्रगतिको आधारमा शिक्षकलाई शिक्षण कार्य अगाडी बढाउन सहयोग गर्दछ (आधारभूत प्राथमिक शिक्षक प्रशिक्षण स्रोत सामग्री भाग १ २०६५)।

प्राथमिक तहमा हाल विद्यमान गम्भीर शैक्षिक क्षतीको सिर्जना वर्तमान परीक्षा प्रणालीबाट भएको हो। विद्यार्थीले विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने मुलकारण वर्षको अन्त्यमा लिइने औपचारीक परीक्षा र त्यसमा विद्यार्थीको असफलता बनेको छ। प्राथमिक तहका प्रारम्भीक कक्षाहरुमा गृहकार्य,

मौखिककार्य, अतिरिक्तक्रियाकलापमा संलग्नता र कक्षा परीक्षालाई आधार मानी नियमित रुपले प्राथमिक कक्षाका बालबालिकाहरुको अनवरत मूल्याङ्कन नगरी वर्षको एक पटक लिइने औपचारीक परीक्षाको नतिजालाई आधार बनाएर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने गरिन्छ । प्रारम्भीक कक्षाहरुको मुख्य उद्देश्य बालबालिकाहरुको विद्यालयमा आउने बानी बसाल्ने, सिकाइप्रति उनीहरुलाई उत्प्रेरीत गर्ने र उपल्लाकक्षाहरुको निमित्त तयार गर्ने हुनुपर्नेमा सो नभई बढी विषयवस्तु प्रधान वा प्राज्ञिक खालको हुन पुगी असफलताको कारण बनेको छ । (उ.रा.शि.आ. प्रतिवेदन २०५५) ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु हो । समग्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क) विद्यार्थीको प्रभावकारी सिकाई र कार्यव्यवहारमा सहयोग पुऱ्याउन ।

ख) सिकाई स्तर कम भएका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्न ।

ग) विद्यार्थीहरुमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रुपमा स्थापित गर्न ।

घ) विद्यार्थीको सहि मूल्याङ्कन निरन्तर र सहजतापूर्वक गर्न ।

ङ) तह पुरा गर्ने दर र सिकाई उपलब्धी स्तरमा वृद्धि गर्न ।

च) बाल मैत्री सिकाई र मूल्याङ्कनको वातावरण बनाउन ।

छ) विद्यार्थी मूल्याङ्कनका लागी आवश्यक हुने अतिरिक्त समय र स्रोतको बचत गर्ने ।

ज) विद्याथीहरुलाई मूल्याङ्कन प्रति उत्साहित गर्न ।

झ) विद्यार्थीहरु बीचको बैयक्तित भिन्नताहरु पत्ता लगाई सिकाइमा सुधार गर्न ।

ञ) विद्यार्थीको सिकाई उपलब्धिको बैद्यता र विश्वासनियतामा सुधार गर्न ।

ट) विद्यार्थीलाई नियमीत उपस्थितिमा उत्साहित गर्न ।

ठ) कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमगर्न

नेपालको सन्दर्भमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिन प्रतिदिन खड्किदै गइरहेको छ । नेपाल सरकारले आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउनु परेको छ । आधारभुत शिक्षाका सिकाइ बालमैत्री हुन नसकेकाले विशेषत तल्ला कक्षामा कक्षा दोहोर्‍याउने र बिचैमा पढाई छोड्ने विद्यार्थीहरुको संख्या अधिक रहने गरेको छ । परीणाम स्वरुप तोकिएको समय भन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पुरा गर्ने गरेका छन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट मात्र यस प्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार, शिक्षा मन्त्रालयले हाल आधारभुत शिक्षाको कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेको छ र आगामी शैक्षिक सत्रहरु देखी आधारभुत तहको कक्षा सात सम्म लागु गर्दै जाने निती लिएको छ (नि.वि.मू कार्यान्वयन निर्देशिका, २०६७) ।

नेपालमा सम्वत २०२८ सालमा नयाँ शिक्षा योजना लागु भएपछि विद्यार्थीहरुको प्रगतिको योजनाबद्ध तरीकाले मूल्याङ्कन गर्ने परिपाटी शुरु भयो । त्यो योजना लागु हुनुभन्दा अगाडी परीक्षा मात्र एउटा मूल्याङ्कनको आधार थियो । जसबाट विद्यार्थीहरुको प्रगतिको मूल्याङ्कन गर्ने गरिन्थ्यो । विद्यार्थीहरुले वर्षभरीमा सिकेका कुराहरु २/३ घण्टाका  परीक्षाले लेखाजोखा गर्ने भएकाले यस किसिमको परीक्षा प्रणालीमा विद्यार्थीहरुले आफ्ना कमजोरीहरु पहिचान गरी सुधार गर्ने मौका पाउदैन थिए । यदि यस परीक्षामा  अनुत्तीर्ण भएको खण्डमा विद्यार्थीहरुले यहि कक्षामा फेरी एकवर्ष सम्म पढ्नुपर्ने बाध्यता थियो यस व्यवस्थाबाट उत्तरोत्तर प्रगती चाहने विद्यार्थीहरुमा नकारात्मक मनोबैज्ञानिक असर पर्नु स्वभाविकै थियो । यसकारण बार्षिक परीक्षामा अनुत्तीर्ण भइएला भन्ने डरले परीक्षा हुनुभन्दा १/२ हप्ता अगाडी विद्यार्थीहरु पुस्तक कण्ठ घोक्ने गर्दथे । यसरी कण्ठ घोकेर सिकेका कुराहरुबाट शिक्षाका उद्देश्य परिपूर्ती गर्न सम्भव थिएन । नयाँ शिक्षा योजना लागु भइसकेपछि प्राथमिक शिक्षाका राष्ट्रिय उद्देश्यहरु स्पष्ट निर्धारण   गरीए । पाठ्यक्रममा प्राथमिक विद्यालयमा पठनपाठन हुने पाठ्याशंहरुका विषयगत उद्देश्यहरु पनि स्पष्ट उल्लेख गरियो । यसरी प्रत्येक पाठ्याशंको उद्देश्यहरु स्पष्टसँग उल्लेख गरिदिदा विद्यार्थीहरुले निर्देशित लक्ष्य अनुसार प्रगती गरेको छन वा छैनन् भन्ने कुरा मूल्याङ्कनगर्न शिक्षकलाई एउटा वृहत आधार तयार भयो (मूल्याङ्कन प्रविधि, प्राथमिक शि. सेवाकालिन तालिम पाठ्यक्रम २०५९) ।

कक्षामा शिक्षकले कुनै कुरा सिकाउदा विद्यार्थीहरुले बुझ्न सक्ने गरी सिकाउनु पर्दछ । शिक्षकले कक्षामा घण्टौ पढाए  पनि र अन्तमा प्रश्न सोध्दा कसैले पनि जवाफ दिन सकेनन् भने विद्यार्थीले सिक्ने कुरा सिकेनन भन्ने प्रष्ट हुन्छ । यसरी विद्यार्थीले सिक्न सकेनन् भने शिक्षकले सिकाएको ठहरीदैन कराएको मात्र ठहरीन्छ । यसकारण शिक्षण प्रभावकारी भएको छ वा छैन भन्ने कुरा थाहा पाउन शिक्षकले बराबर विद्यार्थीहरुको प्रगतिको मूल्याङ्कन गरिरहनु  पर्छ । यसबाट विद्यार्थीहरुलाई पनि आफूले सिकेको कुरा प्रभावकारी भएको छ वा छैन भन्ने बारे पृष्ठपोषण मिल्छ । पृष्ठपोषणले विद्यार्थीहरुलाई आत्ममूल्याङ्कन गर्ने मौका दिन्छ ।

नेपालको सन्दर्भमा उच्च कक्षाछाड्ने दर र उच्च कक्षा दोहोऱ्याउने दर  प्राथमिक शिक्षाको कार्यकुशलता लाई नकारात्मक असर पार्ने दुई प्रमुख कारणहरु हुन् । यो दुईवटा दरलाई उच्च बनाउने थुप्रैकारणहरु मध्ये परीक्षा लाई एक प्रमुख कारण मान्न सकिन्छ । विद्यमान परीक्षा प्रणालीले गर्दा विद्यार्थीहरु परीक्षादेखी डराई विद्यालय प्रति आकर्षित नहुने र विद्यालय आउन छाड्ने प्रवृत्ति देखा परेको छ । हालको परीक्षा प्रणालीमा तल्लो कक्षाका विद्यार्थीहरु सित परीक्षा दिने अनुभवको कमीले गर्दा विद्यार्थीलाई कठीनाई भएको हुन सक्छ । यसर्थ परीक्षा प्रणालीमा पनि सुधार गर्ने, विद्यार्थीहरुलाई परीक्षाको डरबाट मुक्त गर्ने र उनीहरुलाई नयाँ किसीमले कक्षोन्नती गर्न निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नती निती  कार्यान्वयन गर्ने प्रयास भइरहेको छ, ( आ.प्र.शि.प्र.सो.सा. भाग-१, २०६५) ।

यस प्रणालीमा शिक्षकले विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न अलग अलग परीक्षा लिनु आवश्यक छैन । शिक्षकले नियमित शिक्षण सिकाइ क्रियाकलाप सँगै विद्यार्थीको मूल्याङ्कन गर्दै जान्छन् । यसका लागि कार्य सञ्चायिका फोल्डर प्रयोग गर्ने गरिन्छ । यसमा विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तन, अवलोकन, हाजीरी आदिको अभिलेख राख्नुपर्दछ । विद्यार्थीको प्रगति विवरण (अनुसूची २, ३ र ४) पाठ्यक्रमले निर्दिष्ट गरेको ढाँचामा तयार गर्नुपर्दछ । पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुराहरुलाई निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फारम (अनुसूची १) मा तोकिएको मापदण्डको आधारमा एकदेखी तीनओटा

सम्म रेजा (Õ) चिन्ह लगाउने । अति उत्तम सिकेकालाई तीन ओटा रेजा (ÕÕÕ), उत्तम सिकेकालाई दुई ओटा रेजा (ÕÕ) र सामान्य सिकेकालाई एउटा रेजा (Õ) लगाउने गरिन्छ ।

प्रत्येक पाठमा रेजा दिनका लागि निम्नलिखित मापदण्डहरुलाई आधार मान्नु पर्दछ ।

- कक्षाकार्य (कक्षा सहभागीता)
- परियोजना कार्य
- व्यबहारमा परीवर्तन
- सिर्जनात्मक कार्य
- हाजिरी

पाठगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरुलाई निम्न लिखित तरीकाले क, ख, ग श्रेणीमा छुट्याउने ।

७० प्रतिशत देखी १०० प्रतिशत सम्म क श्रेणी

४० प्रतिशत देखी ६९ प्रतिशत सम्म ख श्रेणी

४० प्रतिशत भन्दा तल ग श्रेणी

पाठगत रेजाहरुको प्रतिशत निकाल्ने तरीका

$$\text{सुत्र : } \frac{\text{विद्यार्थीले पाएको जम्मा रेजा} \times १००}{\text{जम्मा पढाइ भएको पाठ सख्या} \times ३}$$

पाठगत रुपमा सिकेका कुरा मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धिहरु पुरा भए नभएको हेर्नुपर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन समष्ठिगत फाराममा पाठगत निरन्तर विद्यार्थी मूल्याङ्कनको रेजालाइ क, ख, ग, श्रेणीमा र लिखित तथा मौखिक मापनको अङ्क साथ विद्यार्थी प्रगति विवरण फाराममा (अनुसूची २ र ३) राख्ने व्यवस्था गर्नुपर्दछ, (निरन्तर विद्यार्थी मूल्याङ्कन स्रोत सामग्री, २०६६)

यसर्थ औपचारिक परीक्षाको सट्टा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अङ्गिकार गरेपनि यसप्रतिको नकारात्मक सोच, व्यवहारिक कठीनाई पक्ष आदिका कारणले उक्त प्रणाली हालका सामुदायिक

विद्यालयहरुमा कार्यान्वयनको कस्तो अवस्था छ भन्ने विषयवस्तु नै यस अध्ययनको आधार रहेको छ ।

## १.२. समस्याको कथन

नेपाल सरकार, शिक्षा मन्त्रालयले गुणस्तरीय प्राथमिक शिक्षा लाई सबै बालबालिकाहरुको पहुँचमा पुऱ्याउन विभिन्न प्रयासहरु गर्दै आएको छ । यसका लागि विगतमा केही वर्ष देखी नै प्रयास स्वरुप विभिन्न कार्यक्रमहरु सञ्चालन हुदै आइरहेको छ । तथापी विद्यालय शिक्षाको गुणस्तर सन्तोषजनक हुन सकिरहेको छैन । प्राथमिक विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न सकिएको अवस्था छैन । अनुत्तीर्ण हुने, कक्षा दोहोऱ्याउने र बिचैमा विद्यालय छाडेने विद्यार्थीको सङ्ख्या अझैपनि उल्लेख्य रहेको विभिन्न तथ्याङ्कहरुले जनाउँछ । यसको एउटा कारकतत्वका रुपमा लिखित परीक्षामा आधारीत आवधिक परीक्षा प्रणालीलाई पनि लिने गरिएको छ ।

औपचारीक, अनौपचारीक, जिवन पर्यत्न सिकाइ आदि शिक्षाका विभिन्न स्वरुपहरु हुने गर्दछन् । वर्तमान औपचारीक शिक्षा व्यवस्थामा प्राथमिक शिक्षालाई बालबालिकाहरुको सुरुको शिक्षाको रुपमा लिइएको छ । यसर्थ प्राथमिक शिक्षा प्रत्येक व्यक्तिका लागि सिकाइको आधार हो । तर नेपाल सरकारले आधारभुत शिक्षामा गरेको लगानी त्यती फलदायी भएको छैन । प्राथमिक शिक्षा सबैबालबालिकाहरुको पहुँचमा पुग्न सकेको छैन । विद्यालय भर्ना भएका विद्याथीहरुको पनि नियमीत उपस्थिती न्यून रहने, कक्षा छोडने र दोहोऱ्याउने दर उच्च रहनुले शैक्षिक क्षती भएको पाइन्छ । अझ आधारभुत शिक्षाका सिकाइ बालमैत्री हुन नसकेकोले विशेषत : तल्ला कक्षामा कक्षा दोहोऱ्याउने र बिचैमा पढाई छोडने विद्यार्थीहरुको संख्या अधिक रहने गरेको छ । परीणाम स्वरुप तोकिएको समय भन्दा  ढिलो र थोरै विद्यार्थीले मात्र तह पुरा गर्ने गरेका छन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट मात्र यस प्रकारको क्षतिलाई  नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोण बाट नेपाल सरकार शिक्षा मन्त्रालयले हाल आधारभुत शिक्षाको कक्षा १-३ सम्म पूर्ण रुपमा निरन्तर मूल्याङ्कन, ४ र ५ मा ५०% निरन्तर मूल्याङ्कन लागु गरिसकेको छ  र आगामी  शैक्षिक सत्रहरुदेखी आधारभुत तहको कक्षा ७ सम्म लागु गर्दै जाने निती लिएको छ ।

सामुदायिक विद्यालयमा यस किसिमको नि.मू.को कार्यान्वयन अवस्था कस्तो रहेको छ ? यस प्रणालीलाई अंगीकार गर्न विद्यालयमा के कस्ता अप्ठ्याराहरु छन् ? आदी प्रश्नहरु उब्जेका वर्तमान सन्दर्भमा "निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था" शीर्षकलाई यस अध्ययनको केन्द्रबिन्दु बनाइएको छ ।

## १.३. अध्ययनको औचित्य

मूल्याङ्कन पाठ्यक्रममा समावेश हुने एक अभिन्न तत्व हो । कुनै निश्चित पाठ पढाइसकेपछि विद्यार्थीको व्यवहारमा परिवर्तन आयो वा आएन, सिके वा सिकेनन् , कुन रुपमा सिकिरहेका छन्, शैक्षिक उपलब्धि कति मात्रामा उपलब्ध भयो आदि कुरा थाहा पाउन मूल्याङ्कन गर्नु पर्दछ । शिक्षकले थाहा पाएर वा थाहा नपाएर दिनहुँ कक्षा भित्र प्रश्न गरेर विद्यार्थीको मूल्याङ्कन गरिरहेको हुन्छ । प्राय शिक्षकहरुले विद्यार्थीहरुको सामान्य शैक्षिक उपलब्धिमा मात्र आफ्नो ध्यान केन्द्रित गर्ने गर्दछन् । वास्तवमा प्राथमिक विद्यालयका शिक्षकहरुले आफ्नो विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरुका विभिन्न पक्षहरुको समानुपातिक किसीमले अबलोकन गर्नुपर्दछ । विद्यार्थी भर्ना भएपछि तिनीहरु प्रत्येकको व्यवहार,सामाजिक बानिहरु,सञ्चार सिप, सिकाइ सिप, संवेगहरु शारीरिक अवस्था र मानसिक क्षमता आदिको अभिलेख राख्दै गएमा कक्षाको अन्त्यमा उनीहरुमा आएको परिवर्तन पत्ता लगाउन सकिन्छ । यहि क्रम प्रत्येक कक्षामा लागु गरेमा उनिहरुको सुरु भर्ना र प्राथमिक तह पुरा गरेपछि जीवनमा विभिन्न पक्षहरुमा के कस्ता परिवर्तन आए भन्ने कुराको वस्तुगत रुपमा मूल्याङ्कन गर्न सकिन्छ ।

आधुनिक र प्रतिस्पर्धात्मक विश्वको सामाजिक, आर्थिक परिवेशमा शिक्षाको मात्रात्मक विकासको सट्टा गुणात्मक विकास महत्वपूर्ण पक्ष हो । कमजोर शिक्षाले नागरिकलाई विश्व परिवेशमा खरो उतार्न सक्दैन । नेपालको सन्दर्भमा पनि शिक्षाका लागि छुट्याइएको बजेटको अधिकांशमात्रा प्राथमिक तहको शिक्षामा खर्च गरिए पनि सबै बालबालिकाहरुलाई शिक्षाको पहूँच पुर्‍याउन नसक्नु, बिचैमा विद्यालय छाड्ने दर उच्च हुनु, कक्षा दोहोर्‍याउने विद्यार्थीको संख्यामा कमि नहुनु आदि

समस्याहरु ज्यूँ का त्यूँ छन् । यस्तो अवस्थालाई सुधार गर्न नेपाल सरकारले वि.स २०५७ बाट परीक्षणको रुपमा ५ जिल्लाबाट नि.वि.मू. प्रणाली सुरु गरी हाल सबै जिल्लामा लागु गरीसकेको भए पनि व्यवहारीक रुपमा सबै विद्यालयमा पूर्ण रुपमा यो प्रणाली लागु भएको छ वा छैन ?सिकाइ उपलब्धिमा सुधार आउन सकेको छ वा छैन ?यस प्रणाली अनुसार विद्यार्थी मूल्याङ्कन गर्न शिक्षकलाई के कस्ता समस्याहरु आइपरेका छन् ? आदि प्रश्नहरु अनुत्तरीत नै छन् । यस सम्बन्धमा अन्य कुनै व्यक्ति समूह वा क्षेत्रबाट समेत खासै अध्ययन अनुसन्धान नभएकोले यस बारेमा अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको हो । त्यसैले यसै विषयक्षेत्रलाई केन्द्र मानी यो अध्ययन अनुसन्धान सुरु गरिएको छ ।

## १.४. अध्ययनका उद्देश्यहरु

निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था अध्ययन गर्नुका निम्नलिखीत उद्देश्यहरु छन् :

क) निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था अध्ययन गर्ने ।

ख) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्ने ।

ग) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा देखिएका समस्याहरु पहिचान गर्ने ।

घ) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतीको कार्यान्वयनमा देखिएका समस्याहरु न्यूनपार्न उपयूक्त उपायहरु खोजी गर्ने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरुलाई आधार मानिएको छ :

क) निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था कस्तो रहेछ ?

ख) निरन्तर विद्यार्थी मूल्याङ्कन कसरी गरिन्छ ।

ग) निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्दा कस्ता कस्ता समस्याहरु आइपर्दछन् ?

घ) निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्दा देखा परेका समस्याहरु कसरी न्यून गर्न सकिन्छ ।

**१.६. अध्ययनको परिसीमा**

यस अनुसन्धानमा समयको सिमितता, आर्थिक कठीनाई र अनुसन्धानको प्रकृतिलाई हेरी निम्नलिखीत सिमाहरु तोकिएका छन् ।

क) यो अध्ययनमा नेपालको चितवन जिल्लाको पार्वतीपुर स्रोतकेन्द्र अन्तर्गतका जगतपुर र पार्वतीपुर गा.वि.स का सामुदायिक विद्यालयहरु मध्ये एक एक वटा माध्यमिक विद्यालय र २/२ वटा प्राथमिक विद्यालय गरी जम्मा ६ विद्यालय समावेश गरिएको छ ।

ख) छनोट गरिएका विद्यालयहरुबाट प्र.अ. ६ जना, प्रा.वि. तहमा अध्यापनरत श्री सरस्वती मा.वि.मा १०, श्री रा.प्रा.वि. कञ्चनवस्तीका ५, श्री रा.प्रा.वि. रंगीला का ४, श्री भानु मा.वि. पहारिलोटारका ९, श्री रा.प्रा.वि. ध्रुवनगरका ४ र श्री रा.प्रा.वि. घैलाघारी ६ गरी जम्मा ३८ जना शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ६ जना र पार्वतीपूर स्रोतकेन्द्रका स्रोत व्यक्ति १ जना गरी जम्मा ५१ जनामा सिमीत रहेको छ ।

ग) माथी उल्लेखीत व्यक्तिहरु सँगको प्रश्नोत्तर लाई नै अध्ययनको विश्लेषणका लागि आधार बनाइएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान प्रस्तावनामा अध्ययन क्षेत्रसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरी तिनिहरुलाई तथ्यपूर्ण र सिलसिलेवार रुपमा प्रस्तुत गर्न पर्दछ । अनुसन्धान नयाँहोस् नदोहोरियोस् भन्नाकालागि साहित्यको पुनरावलोकन गरिन्छ । यसको अतिरिक्त अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउछ भने विभिन्न साहित्यहरुको पुनरावलोकन पछि अनुसन्धानकर्ताले निश्चित सिद्धान्तको चयन गरी त्यसलाई आफ्नो अध्ययनको आधार मान्नु पर्दछ । त्यसैलाई सैद्धान्तिक ढाँचा भनिन्छ ।

## २.१. साहित्यको पुनरावलोकन

सामूदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनका लागि धेरै लेख तथा पुस्तकहरु प्रकाशित भइसकेका छन् । यस अध्ययनलाई थप प्रष्ट बनाउनका लागि निम्न शोध पत्र तथा तथा पुस्तकहरुको अध्ययन गरी त्यसको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सैद्धान्तिक रुपमा अवधारणा दिने र यसलाई कक्षाकोठामा कार्यान्वयनका लागी निरन्तर विद्यार्थी मूल्याङ्कनको परिचय निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्नुका उद्देश्यहरु, निरन्तर विद्यार्थी  मूल्याङ्कन सञ्चालन गर्ने कार्य नितिहरु , कार्यक्रमहरु, विद्यार्थी कार्य सञ्चयिका, सिकाइ उपलब्धि सूचकहरु, निरन्तर विद्यार्थी मूल्याङ्कनका कार्यान्वयनका लागी विभिन्न निकायहरुको भूमिका, उदार कक्षोन्नतीको परीचय र आधारहरु, निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यार्थी कार्य सञ्चयिका व्यवस्थापन आदिको बारेमा जानकारी दिएको पाइन्छ (नि.वि.मू. शिक्षक निर्देशिका, २०५६) ।

आधारभुत प्राथमिक शिक्षक प्रशिक्षणमा तत्कालिन श्री ५ को सरकार शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित स्रोत सामग्रीमा निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नती नीति सम्बन्धी विषयवस्तु राखेको पाइयो । उक्त विषयवस्तु अन्तर्गत निरन्तर विद्यार्थी मूल्याङ्कनको परिचय, अवधारणा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका उद्देश्यहरु, विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न शैक्षिक अभिलेख (कार्य सञ्चयिका) को व्यवस्थापन, उदार कक्षोन्नतीको अवधारणा, उदार कक्षोन्नतीका आधारहरु, उदार कक्षोन्नती प्रणालीका अपेक्षित उपलब्धिहरु विद्यार्थीको प्रगती विवरण फारम, विद्यार्थीको विभिन्न पक्षको अभिलेख राख्ने फारम आदिको बारेमा जानकारी दिएको पाइन्छ ( प्रा.शिक्षकहरुका लागि स्रोत सामग्री, २०६४ ) ।

कार्यनिती अन्तर्गत चरणबद्ध रुपमा कक्षा ७ सम्म तोकिएको सिकाइ उपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नती व्यवस्था लागु गर्ने र यसो गर्दा विद्यार्थीको उपलब्धिका आधारमा ग्रेडीङ्ग गर्ने । विद्यार्थीको तहगत न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउन विद्यालयका शिक्षण सिकाइमा सुधार गर्ने परिपाटीको विकास गर्न विद्यालयलाई सहयोग प्रदान गर्ने प्रावधान राख्ने व्यवस्था गरेको पाइन्छ ( तीन वर्षीय अन्तरीम योजना (२०६४-०६७) ।

नीति निर्देशन गुणस्तर र सान्दर्भिकता अन्तर्गत निरन्तर मूल्याङ्कन तथा उपचारात्मक सहयोग पद्धतिको कार्यान्वियन गर्ने पाठ्यक्रम विकासकेन्द्रले आधारभुत शिक्षामा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न प्राविधिक र प्रशासनिक सहयोग प्राप्त गर्ने र आधारभुत शिक्षाको अन्तिम परीक्षा कक्षा ८ को परीक्षा जिल्ला शिक्षा कार्यालयले सञ्चालन गर्ने, विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्ने र विद्यार्थी मूल्याङ्कनको अभिलेख तोकिएको ढाँचामा राखिने, प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जावफदेही बनाउने, विद्यार्थीहरुको उपलब्धिको नियमित रुपमा अभिभावकले पाउने यसका लागि शिक्षकलाई जिम्मेवार बनाउने, प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि अरु विद्यार्थी सरह बनाउनका लागि थप कक्षाहरु सञ्चालन गर्ने खालको व्यवस्था गरेको पाइन्छ (विद्यालय क्षेत्र सुधार योजना, २०६७-२०७२) ।

विद्यार्थी मूल्याङ्कन सम्बन्धमा उपचरात्मक  प्रावधान राखी गुणस्तर  निश्चित गरेर आधारभुत शिक्षामा (कक्षा १ देखी कक्षा ७ सम्म) उदार कक्षोन्नतीका व्यवस्था क्रमीकरुपमा लागु गर्ने तर कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक  मापन गरी गुणस्तर लागु गर्ने तर कक्षा ५ को अन्तयमा निश्चित शैक्षिक मापन गरी गुणस्तर कायम गर्न स्रोत केन्द्र तहमा परीक्षा लिइने व्यवस्था गरेको पाइयो । साथै उक्त प्रारुप अनुसार विद्यार्थीले कक्षागत सिकाइ उपलब्धिहरु पुरा गरे नगरेको , उनीहरुको व्यवहार, प्रवृत्ति क्षमता सीपमा अपेक्षित परिवर्तन आए नआएको र शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे नगरेको विद्यार्थी मूल्याङ्कन पद्धतिमा जोड दिइने व्यवस्था गरेको पाइयो (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३) ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयास स्वरुप निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी भएको व्यवस्था यस प्रकार पाइन्छ । कक्षा १-३ का विद्यार्थीको कार्य सञ्चयिका ( प्रगति विवरण) फायल राखीने छ । कार्य सञ्चयिका फाइललाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परीवर्तन, अवलोकन हाँजिरी आदिका माध्यमले अद्यावधिक गरिएको छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्नेछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनुपर्ने छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य निर्दिष्ट सिकाइ उपलब्धिका आधारमा कक्षोन्नती गर्नु हो । निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको स्तर हेरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ । विद्यालयमा निर्दिष्ट सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरुका लागि पुन : सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक, अभिभावक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नती गर्न सकिने छ (प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (१-३), २०६५ (४-५) ।

“शैक्षिक विकासको आधार परीक्षा प्रणालीमा सुधार” शिर्षकका सम्पादकीयमा विद्यालय तहको परीक्षा ज्यादै अमर्यादित हुँदै गएकाले पढाई लेखाइ भन्दा पनि परीक्षाका लागि बढी मिल्ने गेस पेपर किन्नमा विद्यार्थी तल्लीन देखिनाले देशको शैक्षिक गुणस्तर माथि प्रश्न चिन्ह खडा भएको, सधै एउटै किसीमको प्रश्नपत्र तयार भएकोले परीक्षाहलमा अमर्यादित क्रियाकलाप भएको, परीक्षाको वैज्ञानिक परीक्षण नभएको र कक्षाकोठामा विषयवस्तुको गहन अध्ययन भन्दा पनि परीक्षामा कस्तो प्रश्न आउछ र उत्तर कसरी र कति लेख्ने भनेर शिक्षण गरिनु नै आजको शिक्षामा गुणस्तर ह्रास हुनुका कारणहरु रहेको छ । अत शिक्षाको गुणस्तरमा वृद्धि ल्याउन तथा राष्ट्रमा सकारात्मक शैक्षिक परीवर्तन ल्याउन परीक्षा प्रणालीमा सुधार गर्नु पर्ने देखिन्छ भनी उल्लेख गरेको पाइयो (शैक्षिक ज्योती, २०६१) ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२/२०६५) मा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन कार्यनिती अन्तरगत उदार कक्षोन्नतीलाई क्रमश : आधारभुत तहको कक्षा सात सम्म लागु गर्ने । तथापी आधारभुत शिक्षाका रुपमा कक्षा १ देखी ८ सम्मको पाठ्यक्रम पुन संरचित नभए सम्मका लागी निम्नानुसारको चरणमा निम्नानुसारको विद्यार्थी मूल्याङ्कन निती लिइने उल्लेख गरेको पाइयो ।

क) कक्षा १-३ सम्म पूर्णत : निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेखका आधारमा कक्षोन्नतीको व्यवस्था लागु गर्ने ।

ख) कक्षा ४ र ५ मा निरन्तर विद्यार्थी मूल्याङ्कन ५० % र लिखित परीक्षा ५०% का आधारमा विद्यार्थी मूल्याङ्कन गर्ने ।

ग) कक्षा ६ र ७ मा शिक्षण प्रक्रियामा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गर्दै ४०% निरन्तर विद्यार्थी मूल्याङ्कन ६०% परीक्षा प्रणालीमा आधारीत भई विद्यार्थी मूल्याङ्कन गर्ने ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनका लागि निर्देशन दिने उद्देश्यले नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा परीक्षणको रुपमा प्रकाशित पुस्तकमा निरन्तर विद्यार्थी

मूल्याङ्कनमा विभिन्न निकायको भूमिका र निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन प्रक्रिया आदिका बारेमा जानकारी दिएको पाइयो (नि.वि.मू. कार्यान्वयन निर्देशिका, २०६७) ।

## २.२. सैद्धान्तिक खाका

"निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था" शीर्षकमा गरिएको यस शोधकार्यलाई बैध, यथार्यपरक र विश्वसनिय बनाउन उद्देश्यले मेरी पर्कर फलेट र जर्ज एल्टन मायोद्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तसँग यस अनुसन्धानलाई तुलनात्मक अध्ययन र विश्लेषण गरीएको छ ।

मेरि पार्कर फलेटले उत्पादनमा वृद्धि गर्नको लागि कामदारको भावना र चाहना बुझ्नुपर्ने र कामदार तथा प्रशासक बिच मानवीय सम्बन्ध स्थापित गर्नु पर्ने भन्दै मानव सम्बन्ध सिद्धान्तको प्रतिपादन गरे । व्यक्तिमा निहित मनमुटाव, ईष्या र  झगडालु  भावनाको मनोबैज्ञानिक उपचार गरी कामदारहरुबाट यस्ता भावनाहरुको अन्त्य गरिनु पर्दछ । एक आपसमा सुमधुर सम्बन्ध स्थापित गरी कामदारहरुमा काम प्रति उत्प्रेरणा जगाउन सकिन्छ । यस सिद्धान्तले कामदार र मालिक वा प्रशासक बिच पनि नजिकको मानविय सम्बन्ध रहनुपर्ने कुरामा जोड दिन्छ । मानव सम्बन्ध सिद्धान्तले एउटै संगठनमा कामगर्ने कर्मचारीहरु बिच प्रत्यक्ष सम्पर्क र समन्वय गर्नुपर्ने, समन्वय जहिलेपनि कार्यान्वयनको प्रारम्भीक चरणमानै गर्नुपर्ने र समन्वय निरन्तर हुनुपर्ने कुरामा जोड दिन्छ । यसबाट कार्य सम्पादनमा प्रभावकारीता आउने कुरामा विश्वास राख्दछ । यसरी नै  जर्ज एल्टन मायोले पनि कर्मचारीका कमि कमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नुपर्ने, योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्ने, संगठनीक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्ने आदि मानविय सम्बन्ध सुमधुर बनाउनुपर्ने कुरामा जोड दिएका छन् ।

विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन मानव सम्बन्ध सिद्धान्तको अनुसरण गरी व्यवहारीक प्रयोगमा ल्याउन सकिन्छ । प्र.अ., अभिभावक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समिति जस्ता विभिन्न पक्षहरुबिच प्रत्यक्ष सम्पर्क सम्बन्ध समन्वय र सहभागीतामा विद्यार्थीको मूल्याङ्कन

गरी विद्यार्थी मूल्याङ्कनको वर्तमान अवस्थामा सुधार ल्याउन सकिने मान्यता अनुसार यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा मेरि पार्कर फलेट र जर्ज एल्टन मायोको मानव सम्बन्ध सिद्धान्तलाई छनौट गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणलीमा विद्यालयमा कम उपस्थित हुने, सिकाई उपलब्धि न्यून स्तरमा हासिल गर्ने अन्य पक्षहरुमा पनि कार्य सम्पादन न्यून भएका विद्यार्थीहरुलाई पुन : सिक्ने अवसर प्रदान गर्न शिक्षक,प्र.अ. तथा अभिभावकहरुको संयुक्त निर्णयबाट कक्षोन्नती गर्ने व्यवस्था छ । यस विचमा प्रत्येक विद्यार्थीको सिक्ने अवसरलाई प्रवर्द्धन गर्न सुधारात्मक शिक्षण गर्न पर्ने समेतको व्यवस्था छ । विद्यार्थीलाई उत्तीर्णाङ्क कटाउने र राम्रो अंक ल्याउने तनावलाई हटाउन अक्षर अङ्क प्रणाली लाई कार्यान्वयनमा ल्याई क, ख र ग श्रेणीमा वर्गीकरण गरिएको छ । तर कक्षा ४ र ५ का लागि ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिबाट र बाँकी ५० प्रतिशत निरन्तर मूल्याङ्कनबाट विद्यार्थीलाई कक्षोन्नती गरीन्छ । लिखित मूल्याङ्कनमा कम्तिमा ४०% अंक ल्याई छुट्टै उत्तीर्ण हुनुपर्ने छ । यस्तो अवस्थामा कुनै विद्यार्थीले निरन्तर मूल्याङ्कनमा औषत उपलब्धि प्राप्त गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएमा अभिभावक, शिक्षक र प्र.अ.ले कक्षोन्नतीको लागि निर्णय गर्ने व्यवस्था छ ।

### २.३. शैक्षिक उपादेयता

सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन एक चुनौतिको रुपमा रहेको यस वर्तमान परिस्थितीमा विद्यार्थीको शैक्षिक उपलब्धिको सहि मूल्याङ्कनमा सोचेजति सफलता प्राप्त गर्न सकिरहेको अवस्था छैन । विद्यार्थीको मूल्याङ्कनमा कुनै एक पक्षको मात्र सक्रियता र प्रयासले सम्भव हुदैन तापनि यस मध्ये प्रभावकारी र शशक्त भूमिका निवार्ह गर्ने व्यक्तिहरु मध्ये शिक्षक पनि प्रमुख रुपमा रहेको हुन्छ ।

कुनै पनि शोध अध्ययनका क्रममा  सम्बन्धित साहित्यको पुनरावलोकन महत्वपूर्ण रहन्छ । यस अध्ययनका क्रममा पनि विभिन्न लेख, पुस्तकहरु अध्ययन गर्ने कार्य गरिएको थियो । माथि उल्लेख गरिएका साहित्यहरुको पुनरावलोकन तथा सैद्धान्तिक आधारहरु केलाउदा मूल्याङ्कन पक्षका विभिन्न अवस्थाहरु रहेको देखिन्छ । नि.वि.मू. शिक्षक निर्देशिका, प्राथमिक शिक्षकहरुका लागि स्रोत सामग्री, नि.वि.मू. स्रोत सामग्री, नि.वि.मू कार्यान्वयन निर्देशिका जस्ता पुस्तकहरुको अध्ययनबाट नि.वि.मू. को परिचय, कार्यान्वयन गर्ने तरिका, उदारकक्षोन्नतीको अवधारणा र आधारहरु आदिका बारेमा जानकारी प्राप्त हुन आयो । त्यस्तै ३ वर्षिय अन्तरीम योजना, विद्यालय क्षेत्र सुधार योजना, राष्ट्रिय पाठ्यक्रम प्रारुप, प्राथमिक शिक्षा पाठ्यक्रम जस्ता पुस्तकहरुबाट नि.वि.मू.कार्यान्वयन नितिहरुका बारेमा जानकारी प्राप्त भयो । साथै शैक्षिक ज्योती २०६१ को सम्पादकिय अनुसार वर्तमान परीक्षा प्रणालीले शैक्षिक गुणस्तर खस्कदै गएको, परीक्षा अर्मयादित भएको विद्यार्थी कक्षाकोठाको सिकाइ परीक्षा केन्द्रित भएकोले सकारात्मक शैक्षिक परिवर्तन ल्याउन परीक्षा प्रणालीमा सुधार ल्याउनु पर्ने कुराहरुको उल्लेख गरेको   पाइन्छ ।

यसरी सम्बन्धित साहित्यहरुको अध्ययनबाट नि.वि.मू.को जानकारीका साथसाथै नितिगत कुराहरुको जानकारी प्राप्त भयो जसले गर्दा मेरो अध्ययनलाई निश्चित दिशा तर्फ दोहोऱ्याउन सजिलो हुनुको साथै यसका आधारमा सैद्धान्तिक खाका निर्माणमा पनि सहज भयो । यिनै कुराहरुलाई सम्बन्धित साहित्यको अध्ययनको शैक्षिक उपादेयताको रुपमा लिएको छु ।

# परिच्छेद : तीन

# अध्ययन विधि

अनुसन्धान कार्यलाई पूर्णता दिनको लागि के कस्ता प्रक्रियाहरु कसरी अपनाउने र कहाँ अध्ययन गर्ने वा क-कसको सहयोग कसरी लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसैले एउटा सानो इकाइको अध्ययनबाट वृहत रुपमा परिकल्पना गर्न सकियोस् र सरोकारवालाहरुलाई अधिकतम लाभ प्राप्त होस् भन्ने निम्नानुसारका विधि छनौट गरिएको छ ।

## ३.१. अनुसन्धनात्मक ढाँचा

सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था कस्तो रहेछ भनी हेर्न खोजिएको  यस अनुसन्धान को ढाँचा गुणात्मक प्रकारको हो । यसमा केहि तथ्याङकीय तथ्याङ्कहरु पनि समावेश गरिएका तथ्याङ्कहरुको विश्लेषण पश्चात निश्चित निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । अध्ययनको क्रममा सिमित साधनहरुको प्रयोग गरी  गरिएको यस अध्ययनको अनुसन्धनात्मक ढाँचा यस प्रकार रहेको छ ।

## ३.२. अध्ययनको जनसंख्या

अध्ययनको क्रममा छनोट गरिएका विद्यालयहरुबाट प्र.अ. ६ जना, प्रा.वि. तहमा अध्यापनरत श्री सरस्वती मा.वि.मा १०, श्री रा.प्रा.वि. कञ्चनवस्तीका ५, श्री रा.प्रा.वि. रंगीला का ४, श्री भानु मा.वि. पहारिलोटारका ९, श्री रा.प्रा.वि. ध्रुवनगरका ४ र श्री रा.प्रा.वि. घैलाघारी ६ गरी जम्मा ३८ जना शिक्षकहरु,  विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ६ जना र पार्वतीपूर स्रोतकेन्द्रका स्रोत व्यक्ति १ जना गरी जम्मा ५१ जनालाई जनसंख्याको रुपमा छनोट गरिएको छ ।

## ३.३. नमूना छनौट विधि

चितवन जिल्लाको पार्वतीपुर श्रोतकेन्द्रमा गर्न खोजिएको यस अध्ययनका लागी चार ओटा गा.वि.स मध्ये २ गा.वि.स. पूर्ण सम्भावना युक्त नमूना छनौट विधिको आधारमा गोला प्रथाद्वारा छनौट गरियो । समय, साधन स्रोत र अन्य विधि समस्यालाई मध्य नजर राख्दै सो क्षेत्र अन्तरगतका प्रत्येक गा.वि.स मा सम्भव भए सम्म दुबै (आधारभुत र माध्यमिक) तह समेटने गरी आधारभुत मध्येबाट दुई दुई वटा र माध्यमिक तहबाट एक एक विद्यालयको छनौट होस भन्ने उद्देश्य राखी उद्देश्यपूर्ण नमुना छनौटको माध्यमबाट ६ विद्यालय छनौट गरिएको छ ।

## ३.४. तथ्याङ्कको श्रोत

यस समस्यामूलक प्रश्न "निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था" शिर्षकका लागी आवश्यक पर्ने तथ्याङ्कहरु दुई प्रकारका स्रोतहरुबाट संकलन गरिएको छ ।

**क) प्राथमिक श्रोत**

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क संकलनको प्राथमिक स्रोतअन्तर्गत अवलोकन फारम तथा अन्तरवार्ता प्रश्नावली र छलफल विधिलाई आधार मानिएको छ । जसमा तथ्याङ्क संकलनका लागि शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची ५ देखि ८ सम्मका अन्तरवार्ता प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

**ख) द्वितीय श्रोत**

द्वितीय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धित विद्यालयका अभिलेखहरु, पत्रपत्रिकाहरु, लेखरचना र बुलेटिनलाई आधार मानिएको छ ।

### ३.५. तथ्याङ्क संकलनका साधानहरु

तथ्याङ्क संकलनका लागि निम्न साधनहरुको प्रयोग गरिएको छ ।

**क) अवलोकन**

सम्बन्धित विद्यालयमा प्रत्यक्ष रुपमा शिक्षकहरुसँग भेटघाट गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्थाको जानकारी लिन यो विधि प्रयोग गरिएको छ ।

**ख) अन्तवार्ता प्रश्नावली**

विद्यालयको नमुना छनौट गरी अन्तरवार्ता र प्रश्नावलीका माध्यमबाट सूचना संकलित गरिएको छ । प्रश्नावलीहरु अनुसूचीमा राखिएका छन् ।

**ग) छलफल**

व्यक्तिगत तथा सामुहिक रुपमा श्रोतव्यक्ति, प्र.अ. अध्यक्ष एवं शिक्षकहरु सँग छलफल गरी सूचना प्राप्त गरिएको छ ।

**घ) विद्यालयका अभिलेख**

सम्बन्धित विद्यालयमा प्रा.वि. तहमा अध्यापन गर्ने शिक्षकहरु प्र.अ., अध्यक्ष तथा निरन्तर मूल्याङ्कनको कार्यान्वयन सम्बन्धि आवश्यक तथ्याङ्कहरु विद्यालयको अभिलेख बाट प्राप्त गरिएको छ ।

### ३.६. तथ्याङ्कको व्याख्या एवं विश्लेषण प्रक्रिया

कुनै पनि अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि प्राथमिक र द्धितिय दुबै किसिमका तथ्याङ्कहरुको महत्व रहन्छ । यी तथ्याङ्कहरुलाई संकलनको प्रारम्भिक स्वरुपमा नै प्रयोग गर्नु उपयुक्त मानिदैन । तथ्याङ्कहरु संकलनको सुरुमा अस्पष्ट अब्यवहारिक र अनावश्यक पनि हुन सक्दछन ।

तथ्याङ्कहरुलाई संकलन पश्चात प्रशोधन वा छनौट गरि पूर्ण, स्प्ष्ट, व्यवहारीक र व्यवस्थित बनाउनु पर्ने हुन्छ । यहाँ तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधनहरु र प्राप्त तथ्याङ्कहरुको स्वरुपको आधारमा तथ्याङ्कलाई गुणात्मक किसीमले व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनको गुणात्मक तरीका अनुसार कोरा तथ्याङ्कहरुको छानविन गरी अनावश्यक अस्पष्ट र असान्दर्भिक सूचना र जानकारीहरु हटाइएको छ । तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कशास्त्रीय मापन अर्थात गणितीय विधिको प्रयोग उपयुउक्त मानिने

छैन । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरि उद्देश्य केन्द्रित बनाउन सान्दर्भीक सिद्धान्तको आधार मानिएको छ । यसरी तथ्याङ्कको गहन विश्लेषण गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याउन विशेष गरी गुणात्मक अनुसन्धान प्रक्रियाको प्रयोग गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको प्रस्तुती र विश्लेषण

निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था शीर्षकमा खोज तथा अनुसन्धानका लागि छनोट गरिएको नमुनाबाट सही तथ्याङ्क प्राप्त गर्न तयार पारिएका परीक्षणका साधनहरुको प्रयोगबाट तथ्याङ्क संकलन गरिएको छ । उक्त साधनहरूको प्रयोगबाट प्राप्त तथ्याङ्क सङ्कलन गरी उद्देश्य बमोजिम क्रमशः निम्नशीर्षकहरुमा रहेर ब्याख्या एवम् विश्लेषण गरिएको छ । अनुसन्धानकर्ताले गरेको अध्ययन अनुसन्धान अनुसार पार्वतीपुर स्रोतकेन्द्रमा रहेका विद्यालयहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ पार्वतीपुर स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरु**

| गा.वि.स. | मा.वि./उ.मा.वि. | नि.मा.वि | प्रा.वि. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| पार्वतीपुर | 2 | 1 | 4 | 7 | |
| जगतपुर | 3 | 1 | 4 | 8 | |
| गुञ्जनगर | 3 | 1 | 5 | 9 | |
| शारदानगर | 2 | - | 2 | 4 | |
| जम्मा | 10 | 3 | 15 | 28 | |

स्रोत : स्थलगत सर्भेक्षण २०७०

## ४.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वनको अवस्था

अनुसन्धानको क्रममा सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था अध्ययन गर्ने उद्देश्यका साथ नमुना छनोटमा परेका स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, प्रधानाध्यापकहरु र शिक्षकहरुलाई अनुसूचीमा तयार पारिएका अन्तरवार्ता प्रश्नावलीहरुको र अन्तरवार्ता समेतको आधारमा आवश्यक सूचनाहरु लिइएको थियो । निरन्तर

विद्यार्थी मूल्याङ्कनको कार्यान्वनको अवस्था शीर्षकमा खोज अनुसन्धान गर्दा छनोटमापरेका उत्तरदाताहरु प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र स्रोतव्यक्ति बाट प्राप्त प्रतिक्रियाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) स्रोतव्यक्तिको प्रतिक्रिया**

निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनका अवस्थामा जानकारी प्रप्तगर्ने उद्देश्यले अध्ययन अनुसन्धानमा परेका विद्यालयहरुका स्रोतव्यक्तिका लागि छुट्टै प्रश्नावली तयार पारेर स्रोतव्यक्तिसँगको प्रतिक्रिया संकलन गरिएको थियो । जसबाट प्राप्त प्रतिक्रिया अनुसार अध्यापन गर्दा शिक्षकहरु लिखितरुपमा पाठयोजना तयार गरी अध्यापन गर्ने परिपाटी नभएको बताउनु भयो । धेरैजसो शिक्षकहरुले भोली के अध्यापन गराउने भन्ने कुराको कुनै पनि उद्देश्य विना नै विद्यालयमा उपस्थित हुने गरेको भएता पनि केही शिक्षकहरुले भने सामान्यतया उद्देश्य किटानी गरी अध्यापन गर्न जाने स्रोतव्यक्तिसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । आफ्नो मातहतमा स्रोतकेन्द्र भरीका २८ विद्यालयहरु रहेका र कहिले जि.शि.का. जानु पर्ने कहिले स्रोतकेन्द्रमा बैठक तथा तालिमहरु भइरहने हुँदा कहिलेकाँही विद्यालयमा गई शिक्षकहरुको कक्षाकोठामा शिक्षण क्रियाकालपको निरीक्षण हुने गरेको भए तापनि वर्तमान अवस्थामा त्यति सन्तोषजनक नरहेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएका थिए । स्रोतकेन्द्रमा विद्यालयहरु धेरै भएको हुँदा एउटै स्रोतव्यक्तिले धेरै विद्यालयमा गएर विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन भएको छ छैन, त्यसको प्रभावकारी ढंगबाट प्रयोगमा ल्याउन शिक्षकहरुका कमी कमजोरी के छन् भन्ने जस्ता कुराहरुमा पूर्णरुपले ध्यान पुऱ्याउन नसकेको तथ्य समेत स्रोतव्यक्तिसँगको प्रतिक्रियामा जानकारी प्राप्त भएको छ ।

स्रोतकेन्द्रमा कहिलेदेखिबाट निरन्तर विद्यार्थी मूल्याङ्कन सञ्चालनमा आयो र हालसम्म निरन्तर सञ्चालनमा छ छैन भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि स्रोतव्यक्तिसँग गरिएको अन्तरक्रिया अनुसार शै स. २०५७ देखि सञ्चालनमा आएपनि विचमा खासै प्रभावकारी रुपमा निरन्तरता

नपाएको तर फेरी शै.स. २०६७ बाट परिमार्जित रुपमा सञ्चालनमा आएको जानकारी पाइयो । सामुदायिक विद्यालयहरुमा कक्षा १,२ र ३ मा पूर्णरुपमा (१००%) निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कार्यान्वयनमा ल्याइएको, कक्षा ४ र ५ मा आंशिक (५०%) निरन्तर विद्यार्थी मूल्याङ्कन र माथिल्ला तहका कक्षाहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा आउन नसकेको प्रतिक्रिया समेत स्रोतव्यक्तिबाट प्राप्त भएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि शिक्षकहरुको तालिमका सम्बन्धमा गरिएको अन्तरक्रिया अनुसार शिक्षकहरुको तालिमको खासै रेकर्ड नभएको तर शै. सं. २०६७ बाट दोस्रो पटक परिमार्जित रुपमा लागु भएपछि भने हरेक विद्यालयबाट एक एक जना शिक्षकले तालिम लिनु भएको बताउनुभयो । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी गराउनका लागि प्रत्येक विद्यालयमा एक एक जना शिक्षकलाई तालिम दिइ बाँकी शिक्षकहरुलाई उक्त तालिम प्राप्त शिक्षकहरुबाट नै अन्य शिक्षकहरुले ज्ञानआर्जन गर्ने व्यवस्था मिलाएको, शिक्षकको पेशागत विकास तालिम सञ्चालन हुँदा प्रत्येक विषयको तालिममा एउटा सेसन निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विषयवस्तु राख्ने गरेको प्रतिक्रिया समेत स्रोतव्यक्तिबाट जानकारी प्राप्त भएको छ ।

### ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षको प्रतिक्रिया

विद्यालयको सू-सञ्चालन, रेखदेख र आवश्यक व्यवस्था मिलाउनका लागि प्रत्येक विद्यालयमा एउटा विद्यालय व्यवस्थापन समिति गठन गरिएको हुन्छ । अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयका ६ जना विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरुसँग अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा गरिएको छलफल एवम् अन्तरक्रिया अनुसार निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ :

विद्यालयमा शिक्षकहरु शिक्षणका लागि कक्षाकोठामा जाँदा करिब आधा जसो शिक्षकहरुले मात्र उद्देश्य किटानीका साथ कक्षाकोठाभित्र शिक्षण कार्यमा सक्रिय हुने र बाँकी आधा शिक्षकहरु लिखित तयारी विना कक्षाकोठामा जाने बताउनु भयो भने केही अध्यक्षहरुको प्रतिक्रिया अनुसार आफूले यसतर्फ त्यति ज्ञान नभएको हुँदा प्र.अ. बाटै उक्त कुराको निरीक्षण होला भन्ने आसयका साथ

कक्षाकोठा अवलोकन नै गर्न नगएको प्रतिक्रिया दिनुभयो थियो । शिक्षकहरुको कक्षा शिक्षण तथा विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा गरिएको छलफल तथा अवलोकन अनुसार छनोटमा परेका धेरैजसो  अध्यक्षहरुले आफूहरुले विद्यालयको प्रशासनिक र आर्थिक पक्षलाई मात्र हेर्ने गरेको हुँदा विद्यालयको शैक्षिक गतिविधि, विद्यार्थीका लागि आवश्यक शैक्षिक सामग्री मूल्याङ्कन प्रक्रिया के कसरी गर्ने, विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न के गर्नु पर्दछ भन्ने कुराको जिम्मेवारी भनेकै शिक्षक र प्र.अ. को हो भन्ने प्रतिक्रिया समेत अनुसन्धानबाट तथ्य प्राप्त भएको छ । शिक्षकहरुको दैनिक कक्षा शिक्षणबाट शैक्षिक उद्देश्य पूरा भएका छन् कि छैनन् ? कक्षा शिक्षणका आधारमा गरिएको मूल्याङ्कन प्रक्रिया कत्तिको प्रभावकारी छ भन्ने विषयमा गरिएको अन्तरक्रिया अनुसार सबै शिक्षकहरुले कक्षा शिक्षण क्रियाकलाप पछि उद्देश्य पूरा भए नभएको जाँच गर्ने गरेको जानकारी प्राप्त भएको छ । धेरैजसो अध्यक्षहरुबाट आफूलाई यसबारे थाहा नभएको जानकारी दिनुभयो । विद्यार्थीहरुको शैक्षिक प्रगति र मूल्याङ्कनको बारेमा विद्यालयमा गई प्र.अ.बाट समय समयमा जानकारी लिने अध्यक्षहरुले के कस्तो रुपमा गरेका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि गरिएको अध्ययन अनुसन्धान अनुसार समय समयमा विद्यालयमा उपस्थित भएर आफूहरुले प्रतिक्रिया लिने गरेको, शिक्षक तथा प्र.अ.हरुसँग छलफल एवम् अन्तरक्रिया गरेको तर सन्तोषजनक उत्तरहरु शिक्षकहरुबाट प्राप्त हुन नसकेको भन्नेजस्ता तथ्यहरु अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

**ग) प्रधानाध्यापकको प्रतिक्रिया**

विद्यालयको दैनिक प्रशासन सञ्चालन, नियमित पठनपाठन, शिक्षक, विद्यार्थी उपस्थितिमा नियमितताका साथै विद्यालयमा हुने समग्र शैक्षिक कार्यक्रमहरुको नेतृत्व प्र.अ.ले नै गर्दछ । यसरी हेर्दा गुणस्तरीय शिक्षणका लागि सुपरीवेक्षणका रुपमा प्र.अ.को महत्वपूर्ण भूमिका रहन्छ । कक्षा शिक्षण अवलोकनगरी शिक्षकहरु सँगै बसेर शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्याहरुको समाधान गर्ने, विद्यार्थीहरुको शैक्षिक स्तर मूल्याङ्कन गर्न उपयूक्त विधिहरु अवलम्बन गर्न लगाउने, शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था गर्ने र शिक्षकलाई तालिममा पठाउने दायित्व पनि प्र.अ. मा नै निहित रहन्छ । यसै सन्दर्भमा प्र.अ.ले शिक्षकको कक्षा अवलोकनमा प्र.अ.को

ध्यानाकर्षण कस्तो छ ? विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अनुसार विद्यार्थीको मूल्याङ्कन भएको छ छैन ? सबै शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम प्राप्त गरेका छन् छैनन् भन्ने जस्ता कुराहरुमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार प्र.अ.हरुले शिक्षकहरुको कक्षा शिक्षण अवलोकनमा खासै ध्यान दिन नसकेको पाइयो । नमुना छनोटमा परेका विद्यालयहरुका प्र.अ.हरुले कक्षा अवलोकन सम्बन्धी दिएको प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. २ प्र.अ.बाट कक्षा अवलोकन सम्बन्धी प्रतिक्रिया**

| क.सं. | प्र.अ. प्रतिक्रिया | प्र.अ. संख्या | कैफियत |
|---|---|---|---|
| 1 | कहिलेकाँहीमात्र अवलोकन गर्छु | 1 | |
| 2 | आवश्यकता अनुसार कक्षा अवलोकन गर्छु | 3 | |
| 3 | प्रशासनिक र आफ्नो कक्षा कार्यमा व्यस्त रहने गरेको छु | 2 | |
| **जम्मा** | | 6 | |

माथिको तालिमबाट प्र.अ.हरुले पूर्ण रुपमा आफ्नो मातहतका शिक्षकहरुको कक्षा शिक्षण अवलोकन गर्न नसकेको देखिन्छ । उनीहरु आफू पनि एक विषय शिक्षक भएकाले आफ्नो विषय शिक्षणमा व्यस्त रहनुपर्ने बाध्यता हुने हुँदा कक्षा अवलोकनमा समय दिन नसकेको भनी २ जना प्र.अ. हरुले प्रतिक्रिया दिएका छन् । कहिलेकाँही मात्र आफ्नो मातहतका शिक्षकहरुको कक्षा अवलोकन गर्ने गरेको गरेको तर छलफल, अन्तरक्रिया र पृष्ठपोषणका लागि समय प्राप्त हुन नसकेको भनी १ जना प्र.अ.ले प्रतिक्रिया दिएका छन् । ३ जना प्र.अ.हरुले आवश्यवकता अनुसार अन्य शिक्षकहरुको कक्षा अवलोकन गर्ने गरेको प्रतिक्रिया दिएका छन् । विद्यालय सूसञ्चालन तथा शैक्षिक गुणस्तर उच्च राख्न प्रधानाध्यापक एक शैक्षिक नीति तथा सुपरीवेक्षक भए पनि शिक्षकहरुको कक्षा अवलोकन प्राभावकारी हुन सकेको देखिँदैन । अझ धेरैजसो शिक्षकहरुले अन्तरवार्ताको क्रममा आफूले कक्षामा शिक्षण कार्य गर्दा प्र.अ.ले झ्याल वा ढोकाबाट मात्र हेर्ने गरेको प्रक्रिया समेत दिए । त्यस्तै कहिलेदेखि निरन्तर विद्यार्थी मूल्याङ्कन गनु भयो ? र हालसम्म निरन्तर सञ्चालनमा नै छ

? भन्ने प्रश्नको जवाफमा सबै प्र.अ.हरुले शै.सं. २०५७ देखि निरन्तर विद्यार्थी मूल्याङ्कन सञ्चालन गरिएपनि विचमा निरन्तरता पाउन नसकेको र हाल शै.स. २०६८ देखि पुन सञ्चालनमा आएको बताउनु भयो । वर्तमान अवस्थमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वियनका अवस्थाका बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार सबै प्र.अ.ले कक्षा १,२ र ३ मा पूर्णरुपमा (१००%) निरन्तर विद्यार्थी निरन्तर विद्यार्थी मूल्याङ्कन नै लागु भएको र कक्षा ४ र ५ मा (५०%) आंशिक रुपमा लागु भएको प्रतिक्रिया दिनु भयो । निरन्तर विद्यार्थी मूल्याङ्कन नै उपयोगी हुने तर सबै शिक्षकहरुले यस सम्बन्धी पूर्ण तालिम नलिनु भएकोले तालिम अप्राप्त शिक्षकहरुमा कसरी मूल्याङ्कन गर्ने होला ? भन्ने अन्योलता उत्पन्न गरेको र आवश्यक मात्रामा अभिलेखहरु दुरुस्त राख्न समय, सोत र साधनको अभाव रहने गरेकोले वर्तमान अवस्थामा यसको मर्म अनुसार मूल्याङ्कन हुन नसकेको प्रतिक्रियाहरु प्रधानाध्यापकबाट प्राप्त भएको छ ।

**घ) शिक्षकको प्रतिक्रिया**

शिक्षा सम्बन्धी जस्तो सुकै नीतिनियमहरु बनेपनि जस्तो सुकै पाठ्यक्रम तयार भएपनि विद्यार्थीको शैक्षिण गुणस्तरमा अभिवृद्धि ल्याउन, ती नीतिनियम र पाठ्यक्रम आदिलाई कार्यान्वन गर्ने कार्यान्वयनकर्ता भनेकै शिक्षकहरु हुन् । राष्ट्रिय स्तरमा बनेका विभिन्न नीति अनुरुप पाठ्यक्रम अनुसार शिक्षकले कक्षाकोठा शिक्षण क्रियाकलापबाट विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन मुख्य भूमिका निर्वाह गरेको हुन्छ । यसै सन्दर्भमा नमुना क्षेत्रभित्र परेका ६ ओटा विद्यालयका कक्षा १ देखि ५ सम्म अध्यापन गर्ने ३८ जना शिक्षकहरुलाई अनुसूचीमा तयार पारिएका प्रश्नावली मार्फत तालिम प्राप्त वा अप्राप्त, दैनिक कक्षा शिक्षण पछि उद्देश्य अनुरुप उपलब्धि भए नभएको थाहा पाउन तत्काल गरिने मूल्याङ्कन, निरन्तर विद्यार्थी मूल्याङ्कन विधि सम्बन्धी ज्ञान,निरन्तर विद्यार्थी मूल्याङ्कन र औपचारिक परीक्षा मूल्याङ्कनमा कुन चाहीँ उपयूक्त हुने ? आदि विषयहरुमा केन्द्रित रही सूचनाहरु संकलन गरिएको थियो । नमुना छौटमा परेका ६ वटा विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत शिक्षकहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था निम्नानुसारको रहेको पाइयो ।

**तालिका नं. ३ तालिमप्राप्त शिक्षक सम्बन्धी विवरण**

| क.सं. | विद्यालयको नाम | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| 1 | श्री सरस्वती मा.वि. मधुपुरी | 3 | 7 | 10 | |
| 2 | श्री रा.प्रा.वि. कञ्चनवस्ती | 2 | 3 | 5 | |
| 3 | श्री रा.प्रा.वि. रंगीला | 2 | 2 | 4 | |
| 4 | श्री भानु मा.वि. पहारीलोटार | 3 | 6 | 9 | |
| 5 | श्री रा.प्रा.वि. ध्रुवनगर | 2 | 2 | 4 | |
| 6 | श्री रा.प्रा.वि. घैलाघारी | 1 | 5 | 6 | |
| | | **13** | **25** | **38** | |

माथिको तालिकाबाट प्रा.वि. तहमा अध्यापन गर्ने करिब दुई तीहाइ शिक्षकहरु निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुनै पनि तालिम नलिएको देखिन्छ। यस्तै गरी कक्षा शिक्षणमा दैनिक पाठयोजना तयार गर्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार कहिलेकाँही मात्र गरिन्छ भन्ने जवाफ १२ जना शिक्षकहरुले दिनुभयो भने १२ जना शिक्षकहरुले कहिलैपनि पनि पाठयोजना तयार नगर्ने प्रतिक्रिया व्यक्त गर्नु भएको थियो र बाँकी अरु शिक्षकहरुले नियमितरुपमा लघु पाठयोजना तयार गर्ने गरेको जानकारी प्राप्त भएको छ। कक्षा शिक्षण क्रियाकलाप पछि शैक्षणिक उद्देश्य पूरा भएनभएको मूल्याङ्कन तत्कालै मूल्याङ्कन गर्ने गरिएको प्रतिक्रिया पाइयो। साथ साथै निरन्तर विद्यार्थी मूल्याङ्कनको बारेमा ज्ञान भए नभएको थाहा पाउन गरिएको एक प्रश्नमा १७ जना शिक्षकहरुले यस सम्बन्धी पूरा ज्ञान भएको, १९ जना शिक्षकहले सामान्य ज्ञान भएको र २ जना शिक्षकहरुमा कुनै ज्ञान नभएको जानकारी प्राप्त भएको छ। आफ्ना कक्षाका विद्यार्थीहरुको प्रगति र मूल्याङ्कनको अभिलेख ठीक दुरुस्त राख्न विषय शिक्षकहरुसँग के कसरी समवन्य गर्ने गरिन्छ भन्ने बारेमा शिक्षकहरुसँग गरिएको छलफल अन्तरक्रिया अनुसार सबै शिक्षकहरुले आपसी समन्वय गर्ने गरेको, आवश्यक परेका खण्डमा विद्यालय प्रशासन तथा शिक्षकहरुको संयुक्त बैठकबाट छलफल अन्तरक्रिया गरी निष्कर्ष निकाल्ने गरेको तथ्य समेत

अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । बालबालिकाको कार्य सञ्चयीका अध्ययन गर्न वा मौखिक रुपमा अभिभावकलाई जानकारी गराउनका लागि शिक्षकहरुले के कस्ता कार्यकलाप गर्दै आएका छन् भन्ने बारेमा गरिएको जिज्ञासा अनुसार निम्नानुसारको प्रतिक्रिया पाइएको छ जसलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४ शिक्षक अभिभावक भेला सम्बन्धी विवरण**

| क्र.सं. | वार्षिक सम्पर्क पटक | शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| 1 | ६ पटक | ५ | |
| 2 | ५ पटक | २ | |
| 3 | ४ पटक | ५ | |
| 4 | ३ पटक | १४ | |
| 5 | २ पटक | ४ | |
| 6 | आवश्यक परेमा मात्र | ८ | |
| | **जम्मा** | **३८** | |

माथिको तालिमबाट के प्रष्ट हुन्छ भने १४ जना शिक्षकहरुले अभिभावकहरुसँग वार्षिक रुपमा ३ पटक भेटी विद्यार्थीको शैक्षिक प्रगतीको बारेमा जानकारी दिने गरेका ५।५जना शिक्षकहरुले वार्षिक ६ पटक र ४ पटक, ४ जना शिक्षकहरुले वार्षिक २ पटक, २ जना शिक्षकहरुले वार्षिक ५ पटक र आवश्यक देखिएको खण्डमा मात्र अभिभावकसँग सम्पर्क गर्ने ८ जना शिक्षकहरु देखिन्छ । यसरी एउटै विद्यालयमा पनि शिक्षकहरुले आ-आफ्नै तरिकाबाट अभिभावकसँग समन्वय गर्ने गरेको पाइयो । यस्तै उदार कक्षोन्नती भई तल्लो कक्षाबाट आएका सबै विद्यार्थीहरुको कार्य सञ्चायीका अध्ययन गरी कमजोर विद्यार्थीका लागि सूधारात्मक शिक्षणको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्दा छनोटमा परेका अधिकांश शिक्षकहरुबाट कक्षा पदोन्नती भइसकेपछि पनि उनीहरुको कक्षागत स्तर कायम राख्न नयाँ कुरा सिक्नका लागि सहज बनाउन सुधारात्मक शिक्षण

गर्ने गरेको प्रतिक्रिया प्राप्त भएको थियो भने केही शिक्षकहरुबाट सुधारात्मक शिक्षण गर्ने नगरेको प्रक्रिया प्राप्त भएको छ ।

## ४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

कक्षाकोठामा उपयुक्त शिक्षण विधि अपनाइ शिक्षण सिकाइ गर्ने र उपयुक्त तरिकाबाट मूल्याङ्कन विधि प्रयोग गर्ने विद्यार्थीको सिकाइ स्तर पत्ता लगाउनेमा प्रमुख भूमिका शिक्षकको नै हुन्छ । यसै सन्दर्भमा नमुना छनोटमा परेका विद्यालयहरुका शिक्षकहरुसँग गरिएको छलफल अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार निम्नानुसारको तथ्य प्राप्त भएको छ ।

### ४.२.१ निरन्तर विद्यार्थी मूल्याङ्कनका विधि वा साधनहरु

नमुना छनोटमा परेका ६ वटा विद्यालयका कक्षा १ देखि ५ सम्म अध्यापन गर्ने शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि कस्ता कस्ता विधि वा साधनहरु अपनाउने गरेका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि गरिएको अन्तरक्रिया अनुसार लगभग सबै शिक्षकहरुबाट एकै प्रकारको प्रतिक्रिया प्राप्त भएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) कक्षा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको भूमिका अवलोकन गर्ने तथा विद्यालय हाताभित्र वा अध्ययन भ्रमणको बेला पनि मूल्याङ्कन गर्ने प्रक्रिया पाइयो ।

ख) कक्षा शिक्षणको क्रममा विद्यार्थीले प्रश्नोत्तर र छलफलमा व्यक्त गरेका कुरा र उनीहरुको हाउभाउबाट पनि मूल्याङ्कन गर्ने जानकारी पाइयो ।

ग) प्रत्येक दिनको गृहकार्य तथा एकाइको अन्त्यमा लिखित परीक्षा लिई उनीहरुको लेखाइ, ज्ञान पक्ष र धारणागत कुराको मूल्याङ्कन गर्ने जानकारी पाइयो ।

घ) हरेक विद्यार्थीको छुट्टाछुछट्टै कार्यसञ्चयीका फाइल निर्माण गरी त्यसमा उनीहरुको लिखित काम र रचना संकलन गर्ने र त्यसैको आधारमा विद्यार्थीको विविध पक्षको मूल्याङ्कन गर्ने जानकारी पाइयो ।

ङ) विद्यार्थी स्वयम् आफैले आफूले सिकेका र सिक्न नसकेका कुराहरुको बारेमा आत्ममूल्याङ्कन गरी शिक्षकलाई जानकारी गर्ने वातावरण तयार गरी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

च) नजिकको साथीबाट पनि विद्यार्थीको अरु साथिहरसँग हुने हेलमेल र सहयोग तथा पढाइको बारेमा जाने नजानेका कुराहरु जानकारी लिएर पनि मूल्याङ्कन गर्ने गरेको प्रतिक्रिया पाइयो ।

छ) बेला बेलामा अभिभावकसँग सम्पर्क गरी विद्यार्थीहरुको बारेमा उनीहरुबाट प्राप्त प्रतिक्रिया अनुसार विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको जानकारी पाइयो ।

### ४.२.२ निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारहरु :

अध्ययन अनुसन्धानबाट प्राप्त जानकारी अनुसार छनोटमा परेका शिक्षकहरुबाट आफूहरुले दिएको कक्षाकार्य र गृहकार्यलाई विद्यार्थीले कत्तिको तत्परताका साथ गर्दछन् ? नियमित गृहकार्य गर्छन् वा गर्दैनन् ? गरेको गृहकार्य ठिक बेठिक कस्तो हुन्छ ? आदिलाई आधारमानी मूल्याङ्कन गर्ने प्रक्रिया पाइयो । विद्यार्थीहरुलाई कुनै एक समस्या दिने र उक्त समस्या समाधान गर्न निर्दिष्ट निर्देशन दिई सामुहिक वा व्यक्तिगत परियोजना कार्य लगाउने र उनीहरुको कामको आधारमा मूल्याङ्कन गर्ने गरेको तथ्य प्राप्त भएको छ । विद्यार्थीले विषयगत रुपमा शिक्षण सिकाइबाट प्राप्त गरेका ज्ञानहरुको ग्रहण गरी व्यवहारिक जीवनमा प्रयोग गर्न सकेको छ वा छैन त्यसको आधारमा मूल्याङ्कन हुने गरेको प्रतिक्रिया पाइयो । विद्यार्थीको सृजनात्मक प्रतिभालाई प्रवर्द्धन गर्ने प्राप्त अवसर दिएर त्यसको अनुसन्धान अवलोकन गरी मूल्याङ्कन गर्ने प्रतिक्रिया पाइयो । विद्यार्थीको विद्यालयमा निरन्तर उपस्थितिको आधारमा पनि मूल्याङ्कन गर्ने गरेको जानकारी पाइयो ।

### ४.२.३ निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रगति अभिलेख राख्ने तरिका

विद्यार्थी मूल्याङ्कनको सबैभन्दा महत्त्वपूर्ण काम भनेकै मूल्याङ्कनलई व्यवस्थित रुपले अभिलेख राख्नुहो । नमुना क्षेत्र भित्रका ६ विद्यालयका कक्षा १ देखि ५ सम्म अध्यापनरत शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रगति अभिलेख के कसरी राख्ने गरेका छन् भन्ने तथ्य प्राप्त गर्नका लागि गरिएको अध्ययन अनुसन्धान अनुसार निम्नानुसारको जानकारी प्राप्त भएको छ :

क) प्रत्येक विषयको छुट्टा छुट्टै पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुराहरुलाई मूल्याङ्कन गरी पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धीहरु पूरा भए नभएको आधारमा अति उत्तम सिकेका लाई तीनओटा रेजा (√√√) उत्तम सिकेकालाई २ ओटा रेजा (√√) र सामान्य सिकेकालाई एउटा रेजा (√) दिई अनुसूची १ अनुसारको फारम भर्ने र विषय शिक्षकले फाइलिङ गरी सुरक्षित राख्ने ।

ख) अनुसूची १ अनुसारको पाठगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरुलाई क,ख र ग श्रेणीमा छुट्याउँने । यसरी छुट्याउँदा ७० प्रतिशत देखि १०० प्रतिशत सम्म क श्रेणी ४० प्रतिशत देखि ६९ प्रतिशत सम्म ख श्रेणी, ४० प्रतिशत भन्दा तल ग श्रेणीमा राख्ने गरेको जानकारी प्राप्त भएको छ ।

पाठगत रेजाहरुको प्रतिशत निम्न शुत्र प्रयोग गरी निकाल्ने ।

शुत्र :

<u>विद्यार्थीले पाएको जम्मा रेजा x १००</u>

जम्मा पाढाइ भएको पाठ संख्याx३

सिकाइको उपलब्धिको आधारमा पाठगत रेजाहरु दिइसकेपछि विद्यार्थीलाई विभिन्न श्रेणीमा विभाजन गर्ने र विषयगत रुपमानै समष्ठीगत फारम भरी अभिलेख राख्ने र विषय शिक्षकले सुरक्षित राख्ने ।

ग) विद्यार्थीको प्रत्येक विषयको समष्ठिगत फाराममा क ख र ग श्रेणीमा विभाजन गरिसकेपछि प्रत्येक कक्षा शिक्षकले विषय शिक्षकहरुसँग उनीहरुको आ-आफ्नो विषयको प्रत्येक विद्यार्थीको विषयगत श्रेणीहरु मागी अनुसूची ३ अनुसार विद्यार्थी प्रगति विवरण भरी प्रत्येक विद्यार्थीको प्रगति विवरण छुट्टा छुट्टै तयार गर्ने । यसरी प्रगति विवरणमा कक्षा १,२ र ३ को भए निरन्तर विद्यार्थी मूल्याङ्कन मात्रै र कक्षा ४ र ५ मा भने निरन्तर विद्यार्थी मूल्याङ्कन र औपचारिक लिखित परीक्षाको आधारमा आधा छुट्याइ अभिलेख राख्ने तर औपचारिक लिखित परीक्षाको भने प्रथम त्रैमासिक परीक्षाको १० प्रतिशत, दोस्रो त्रैमासिक परिक्षाको ३० प्रतिशत र अन्तिम त्रैमासिक परीक्षाको ६० प्रशित हुनेगरी अंक विभाजन गर्नु पर्दछ ।

## ४.३ निरन्तर विद्यार्थी मूल्याङ्कनका समस्याहरु

अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा छनोटमा परेका अध्ययन स्थलमा गरिएको अध्ययन अनुसन्धान अनुसार देखिएका कमीकमजोरी तथा समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) शिक्षकको लगनसिलतामा कमी**

विद्यालयमा नियमित सुपरिवेक्षणको कमी, राजनैतिक संरक्षण आदिको कारणले शिक्षकहरु आफ्नो पेशाप्रति इमान्दार नहुने र यसबाट विद्यार्थी मूल्याङ्कनमा पनि असर गर्ने भएकाले राजनैतिक संरक्षण गर्ने परिपाटी न्यून गरी नियमित सुपरीवेक्षण गर्नुपर्ने १ जना स्रोतव्यक्ति, ३ जना वि.व्य.स. अध्यक्ष तथा २ जना प्र.अ. र १ जना शिक्षकले प्रतिक्रिया दिएका छन् ।

**ख) तालिमको अभाव :**

सावमुदायिकविद्यालयमा कक्षा १,२ र ३ मापूर्ण रुपमा तथा कक्षा ४ र ५ मा आंशिक रुपमा निरन्तर विद्यार्थी मूल्यंकन पद्धतिबाट विद्यार्थीको शैक्षिक स्तर मूल्याङ्कन गर्ने परिपाटी सुरु भइसकेको भए पनि कक्षा १ देखि ५ सम्म अध्यापन गर्ने सबै शिक्षकहरुलाई निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी नविनतम ज्ञान, शैली  प्रविधिको अभावमा मूल्याङ्कन गर्न समस्या रहेको हुँदा सबैलाई आवश्यक तालिम गोष्ठी र सेमिनारको आयोजना गरी उनीहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने सबैको अभिमत रहेको पाइयो ।

**ग) फाराम तथा कागजात व्यवस्थित गर्न गाह्रो**

विषयगत रुपमा छुट्टाछुट्टै फारमहरु प्रयोग गर्नुपर्ने र धेरैफारमहरुमा अभिलेख राख्नुपर्ने, कार्य सञ्चयिका फाइल चुस्त र दुरुस्त राख्नुपर्ने हुँदा ती फाराम तथा कागजात व्यवस्थित गर्न गाह्रो हुने प्रतिक्रिया पाइयो ।

**घ) शिक्षकको मूल्याङ्कन सही नहुने**

शिक्षकले विद्यार्थीलाई गरेको मूल्याङ्कन ठीक छ वा छैन मापन गर्ने अन्य कुनै आधार नहुने भएकाले शिक्षकले कमजोर विद्यार्थीलाई पनि बढी रेजा दिएर राम्रो स्तर कायम गर्न आफू सफल भएको अनुभूति लिन र दिलाउन सक्ने सम्भावना रहने प्रतिक्रिया दिएका छन् ।

**ङ) पर्याप्तमात्रामा फारामको डिजाइन र सामाग्री उपलब्ध नहुनु**

पाठगत आधारमा सिकाइ उपलब्धीको रेजा दिनुपर्दा विभिन्न आधारहरु लिनुपर्ने हुन्छ तर ति आधारलाइ कसरी समायोजन गर्ने भन्ने कुरा अन्योल नै रहेको छ । ति आधारहरुलाई एकमूष्ठ एउटा फाराममा राख्ने बिधि भए मूल्याङ्कन गर्न सजिलो हुने प्रतिक्रिया दिएका छन् । साथै लगभग सवैजसो शिक्षकहरुबाट मूल्याङ्कनमा प्रयोग हुने फाराम, पोर्टकोलियो साथै अन्य सामाग्रिहरु राख्न आवश्यक दराज वा घर्राको अभाव हुने गरेको प्रतिक्रिया दिएका छन् ।

**च) समन्वय गर्न समस्या**

एयटै कक्षामा अध्यापन गर्ने बिभिन्न विषयका विषय शिक्षकहरु पटक पटक बिद्यार्थीको बिबिध विषयमा छलफल तथा बिचार बिमर्स गर्नुपर्ने हुन्छ । समयको अभावको कारणले समन्वय गर्न समस्या हुने गरेको प्रतिक्रिया दिएका छन् ।

**छ) शिक्षक अभिभावक विचको न्यून सम्बन्ध**

प्रत्येक शिक्षक हरेक बिद्यार्थीको घरमागई अभिभावक हरुलाई बिद्यालयमा बोलाउँदा बिबिध कारण देखाइ न्यून उपस्थिती हुने गरेकाले बिद्यार्थी मूल्याङ्कनमा समस्या हुने गरेको प्रतिक्रिया दिएकाछन् ।

**ज) विद्यार्थी उपस्थितीमा अनियमितता**

विद्यार्थीको बिद्यालयमा हुनेगरेको अनुपस्थितीले पनि नि.बि.मू. गर्न समस्यापरेको प्रतिक्रिया दिएका छन् ।

**झ) समयको अभाव**

विद्यालयमा शिक्षक दरबन्दी कमी भएको कारण अधिकांश समय कक्षाकोठामा नै जानुपर्ने भएकाले फारमहरुमा अभिलेख राख्न तथा व्यवस्थित गर्न समस्या रहेको प्रतिक्रिया पाइयो

**ञ) स्तर खस्कने**

नि.बि.मू. बाट मूल्याङ्कन गरेपछि बिद्यार्थीलाई उदार कक्षोन्नती अनूसार कक्षा उन्नती गर्नु पर्ने हुँदा कमजोर बिद्यार्थी पनि कक्षा चढ्ने हुँदा पढाइको स्तर खस्कने प्रतिक्रिया दिएकाछन् ।

**ट) विद्यार्थीको स्तर छुट्याउन गाह्रो**

बिद्यार्थी मुल्याङ्कन अंकको आधार मा नभइ क ख र ग श्रेणीको आधारमा हुने र क श्रेणीमा ७० प्रतिशत देखि १००प्रतिशत भन्दा कम प्रतिशत रेजा ल्याउने  सबै पर्ने तथा तथा ख श्रेणीमा ४० प्रतिशत देखि ६९ प्रतिशत सम्म सबै पर्ने हुँदा कसको स्तर कस्तो छ भन्ने कुरा छुट्याउन गाह्रो हुने प्रतिक्रिया दिएका छन् ।

**४.४ निरन्तर विद्यार्थी मूल्याङ्कनका समस्या न्यूनीकरणका उपायहरु**

सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धान कार्यमा छनोटमा परेको अध्ययनस्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छनोटमा परेका उत्तरदाताहरु शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष, र स्रोतव्यक्तिहरुसँग छुट्टाछुट्टै प्रश्नावली भराई प्राप्त प्रक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) प्र.अ.को प्रतिक्रिया**

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा देखिएका समस्या समाधानका लागि विद्यालय प्रशासनबाट के कस्ता समाधानका उपायहरु अपनाइएका छन् ? भन्नेबारेमा जाकारी प्राप्त गर्न प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार निरन्तर विद्यार्थी मूल्यांकलाई प्रभावकारी बनाउनका लागि प्रा.वि. तहका शिक्षकहरुलाई तालिम प्रदान गर्ने गरेको, विद्यालयको कमजोर आर्थिक, अवस्था, शिक्षकको संख्या थोरै भएका कारण सबै शिक्षकहरुलाई तालिमकेन्द्रमा गएर तालिम लिनका असहज परिस्थिति भएतापनि तालिम प्राप्त १।२ जना शिक्षकहरुको सहयोगमा ज्ञान

आर्जन गरी सोही अनुसार मूल्याङ्कन प्रक्रिया अगाडि बढाउनका लागि प्रोत्साहन गर्ने गरेको तथ्य प्र.अ. बाट प्राप्त भएको छ । मूल्याङ्कनलाई प्रभावकारी तथा दिगो बनाउनकै लागि समय समयमा शिक्षक, विद्यालय प्रशासन, वि.व्य.स.को संयुक्त उपस्थितिमा विद्यार्थी मूल्याङ्कनका बारेमा छलफल एवम् अन्तरक्रिया गर्ने गरेको, माथिल्ला तहका विद्यार्थीहरु (कक्षा ४।५) मा पनि आंशिक रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रयोग गरिएको तथ्य प्राप्त भएको छ । शिक्षक, विद्यालय प्रशासन र वि.व्य.स विच सुमधुर सम्बन्ध कायम गरी निरन्तर विद्यार्थी प्रक्रियालाई प्रभावकारी बनाउनका लागि आफूहरुको तर्फबाट सक्दो प्रयास गरेको प्र.अ.को प्रतिक्रिया रहेको छ ।

**ख) वि.व्य.स. अध्यक्षबाट प्राप्त प्रतिक्रिया**

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाकारी ढंगबाट कार्यान्वयन गराउनका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका पनि उत्तिकै शसक्त रहेको हुन्छ । यसै कुरालाई आधार मानेर विद्यालय व्यवस्थापन समितिसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त प्रतिक्रिया अनुसार विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकलाई प्रभावकारी बनाउनका लागि समय समयमा विद्यालयमा उपस्थित भएर अनुसन्धान गर्ने गरेको, प्र.अ. तथा शिक्षकलाई सुझाव प्रदान गर्ने गरेको, निरन्तर विद्यार्थी निर्देशिकाको के कस्तो रुपमा प्रयोग गरिएको छ, विद्यार्थीका कुन कुन पक्षलाई आधार मानेर मूल्याङ्कन गरिएको छ भन्ने जस्ता कुराहरुमा आफूले पूर्ण रुपमा भूमिका निर्वाह गर्दै आएको तथ्य अध्यक्षबाट प्राप्त भएको छ भने विद्यार्थी मूल्याङ्कनलाई प्रभाकारी बनाउनका लागि शिक्षक तथा विद्यालय प्रशासन नै पूर्ण रुपमा जिम्मेवार बन्न सकेको खण्डमा मूल्याङ्कन प्रक्रिया प्रभावकारी रहन्छ भन्ने प्रतिक्रिया समेत वि.व्य.स. अध्यक्षबाट प्राप्त भएको

छ ।

### ग) स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रिया

विद्यालयमा मूल्याङ्कन प्रक्रियाको के कस्तो रुपमा कार्यान्वन भएको छ ? विद्यार्थीको मूल्याङ्कन सही तवरबाट हुन सकेको छ या छैन ? विद्यार्थीलाई कक्षोन्नती गराउँदा पाठ्यक्रमले तोके अनुसार छ कि छैन, विद्यालयका स्रोत र साधनहरु के के छन् ? शिक्षकभार के कस्तो रहेको छ ? भन्ने जस्ता कुराहरुको अनुगमन निरीक्षण गर्ने कार्य स्रोतव्यक्तिको नै रहेको हुदाँ विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या समाधानका उपायहरुकाबारेमा स्रोतव्यक्ति सँग गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार समय समयमा विद्यालयको मूल्याङ्कन पद्धतिका बारेमा अनुसन्धान गरिएको, शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन बीच सुमधुर सम्बन्ध छ या छैन भन्ने जस्ता कुराहरुमा अध्ययन अनुसन्धानगर्दा समय समयमा गरिएको निरीक्षण अनुसार विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावकका बीचमा सुमधुर सम्बन्धका अभावका कारणले पनि मूल्याङ्कन प्रक्रिया प्रभावकारी रहने नसकेको प्रतिक्रिया प्राप्त भएको थियो । स्रोतकेन्द्रबाट विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी र दिगो वनाउनका लागि शिक्षक तथा विद्यालय प्रशासकलाई तालिमको व्यवस्था गरेको, मूल्याङ्कनका आवशयक साधनहरु प्रयाप्त मात्रामा छन् या छैनन् भन्नेबारेमा विद्यालयमा उपस्थित भएर निरीक्षण तथा अनुगमन गरेको प्रतिक्रिया स्रोतव्यक्तिबाट प्राप्त भएको छ ।

### घ) शिक्षकबाट प्राप्त प्रतिक्रिया

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया के कस्तो रहेको छ ? शैक्षिक मूल्याङ्कनमा देखिएका समस्या समाधानका लागि के कस्ता उपयाहरु अपनाउन सकिन्छ भन्ने जस्ता कुराहरुलाई लक्षित गर्दै अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रुपमा कर्यान्वयनका ल्याउनका लागि शिक्षकहरुबाट सक्दो प्रयास भएको तालिम अप्रात शिक्षकहरुले पनि तालिम प्राप्त शिक्षकहरुबाट ज्ञानार्जन गरी मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउने प्रयास गरेको, विद्यालयमा प्राप्त मात्रामा शैक्षिक सामग्री नहुँदा मूल्याङ्कन प्रक्रियामा असहज भएको भएता पनि स्थानीय स्तरका शैक्षिक सामग्री निर्माणमा विशेष जोड दिएर प्रयोगात्मक कक्षालाई विशेष जोड दिनुका साथै विद्यालयमा वालमैत्री वातावरण सृजना गरेर विद्यार्थी उपस्थिति बढउनका लागि प्रयासरत रहेको प्रतिक्रियासमेत शिक्षकबाट प्राप्त

भएको थियो । अभिभावकलाई समय समयमा विद्यायमा बोलाई  विद्यार्थीहरुको शैक्षिक तथा अन्य अवस्थाको बारेमा जानकारी दिने गरेको भन्ने जस्ता प्रतिक्रियाहरु शिक्षकबाट प्राप्त भएको छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निस्कर्ष र सुझाव

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण, अर्न्तवार्ता प्रश्नावली, अवलोकन फारम, स्रोतव्यक्ति, प्र.अ., विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, शिक्षकहरुबाट प्राप्त तथ्याङ्कहरुको आधारमा प्राप्त प्राप्ति, निष्कर्ष र सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

यस शोध कार्यमा छनोटमा परेका विद्यालयका स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट प्राप्त जानकारी अनुसार सबै शिक्षकहरुलाई निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम दिन नसकिएको हुँदा विद्यालयका एक जना शिक्षकलाई तालिम दिएर उसैबाट अरु शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्याङ्कनका बारेमा जानकारी प्राप्त गर्ने गरेको पाइयो । परीक्षालाई मात्र आधार मानि मूल्याङ्कन गर्नु भन्दा मूल्याङ्कनका विविध साधनको प्रयोगबाट गरिएको मूल्याङ्कन प्रक्रिया बढी प्रभावकारी भएको, विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी पूर्ण रुपमा जानकारी प्राप्त हुन नसकेको पाइयो त्यसैगरी कक्षा १, २ र ३ मा पूर्ण रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरिएको र कक्षा ४ र ५ मा आंशिक रुपमा मात्र लागु भएको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिकाले तोके अनुसारका विधि वा साधनहरुको प्रयोग गरी निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा विद्यार्थीका सर्वाङ्गिण पक्षहरु, विद्यार्थीले गर्ने कक्षा कार्य, गृहकार्य, सामुहिक वा व्यक्तिगत परियोजना कार्य, सिकाइलाई व्यवहारिक प्रयोग, विद्यार्थीको सृजनात्मक प्रतिभाका साथै निरन्तर उपस्थितिको आधारमा मूल्याङ्कन गर्ने गरेको पाइयो, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा परीक्षा प्रणालीलाई भन्दा व्यक्तिको अन्य क्रियाकलाप तथा सिकाइप्रतिको लगनशीलतामा विशेष जोड दिएको पाइयो ।

समय स्रोत र साधानको अभावका कारण सबैशिक्षकहरुलाई निरन्तरविद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम लिन नसक्दा प्रभावकारी ढंगबाट कार्यान्वन हुन नसकेका, शिक्षकहरुले निरन्तरविद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी ढंगबाट प्रयोगामा ल्याउन चाहेता पनि शिक्षक, विद्यार्थी,

व्यवस्थापन समिति तथा प्रशासन बीच समुधर सम्बन्धको अभावका कारणबाट प्रभावकारी हुन नसकेको, विद्यालयमा शिक्षक दरबन्दी कम हुँदा तल्ला तहका शिक्षकहरुले माथिल्ला कक्षाहरुमा पढाउनु पर्ने, शिक्षकलाई कार्यभार बढी जस्ता कुराहरुले कार्यान्वयन प्रभावकारी नभएको, विद्यार्थीहरूले शैक्षिक असफलता र घरायसी कारणबाट विद्यालय छाड्ने तथा न्यून उपस्थिति हुने गरेको पाइयो ।

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा देखिएका समस्याहरु न्यूनीकरण गर्नका लागि शिक्षक, विद्यालय प्रशासन बीच सुमधुर सम्बन्ध कायम गर्नका लागि सक्दो प्रयास गरिएको, शिक्षक तथा विद्यालय  प्रशासन समय समयमा विद्यार्थी मूल्याङ्कन सम्बन्धी विषयमा छलफल गर्न समन्वयात्मक बैठकहरु बस्ने गरेको पाइयो । स्रोतकेन्द्रबाट विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षक तथा विद्यालय प्रशासकलाई समय समयमा तालिम दिने गरेको, तालिम प्राप्त शिक्षकहरुबाट निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी ज्ञान आर्जन गरी मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउने प्रयास गरिएको पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था नामक शीर्षकमा गरिएको यस शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि आजभन्दा अगाडि गरिएका खोज अनुसन्धानलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन अनुसन्धान गरिएको छ भने मेरी पार्कर फलेटको सिद्धान्तलाई साहित्यको खाकाको रुपमा लिएर यो अध्ययन अनुसन्धान गरिएको छ । विद्यार्थी मूल्याङ्कनमा ज्ञानको मात्र मूल्याङ्कन नभई सीप र व्यवहारको विकासको समेत लेखाजोखा गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा लिखित परीक्षमा मात्रै आधारित नभएर विद्यार्थीको सर्वाङ्गीण पक्षलाई आधार बनाउनु आवश्यक
रहन्छ ।

सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्नका लागि पार्वतीपुर स्रोतकेन्द्र अन्तर्गतका ६ ओटा विद्यालयमध्येबाट जम्मा ५१ जना जनसंख्यालाई अध्ययनको जनसंख्याको रुपमा लिएर गरिएको यस अध्ययन कार्यमा स्रोतव्यक्ति,

शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्षबाट प्राप्त प्रतिक्रिया तथा अनुसन्धानकर्ताबाट अध्ययन स्थलको अवलोकन तथा अनुसन्धान कार्य समेत गरिएको छ ।

छनोटमा परेका उत्तरदाताहरुबाट प्राप्त जानकारी अनुसार विद्यालयमा शिक्षकलाई पिरियडभार बढी शिक्षकलाई आवश्यक तालिमको अभाव जस्ता कुराहरुले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया प्रभावकारी ढंगबाट हुन नसक्नुका साथै दक्ष शिक्षक, आवश्यक शैक्षिक सामग्री र शिक्षक, विद्यार्थी एवम् विद्यालय प्रशासन बीचको सुमधुर सम्बन्ध जस्ता कुराहरु नै निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनका प्रमुख तत्वहरु रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.३ सुझावहरु

अनुसन्धानकर्ताले गरेको अनुसन्धान तथा प्राप्त प्राप्ति एवम् निष्कर्षका आधारमा निम्नानुसारका निष्कर्षहरु प्रस्तुत गरिएको छ :

### क) नीति निर्माण तहकालागि सुझावहरु

निरन्तर विद्यार्थी मूल्याङ्कन आधारभूत तह (कक्षा १ देखि ५) मात्र नभई माथिल्ला तहहरुमा पनि समावेश गर्ने नीति बनाइएको खण्डमा मूल्याङ्कन प्रक्रिया अझ प्रभावकारी हुने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा नीति नियमहरु तय गर्दा देशका समग्र विद्यालयहरुको भौतिक तथा शिक्षकहरुको योग्यता जस्ता कुराहरुलाई दृष्टिगत गरेर तय गर्न सकेको खण्डमा सबै विद्यालयमा प्रभावकारी ढंगबाट कार्यान्वयन हुने देखिन्छ । विद्यालयमा विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्ने नीतिसँग शिक्षकहरुलाई तालिमको व्यवस्था गर्ने नीतिको समेत तय गर्नु पर्ने देखिन्छ । विद्यालयमा शिक्षकले गरेको विद्यार्थी मूल्याङ्कन के कस्तो प्रभावकारी ढंगबाट भएको छ भन्ने बारेमा निरीक्षण एवम् अनुगमन गर्ने व्यवस्था समेत भएको खण्डमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी ढंगबाट हुन सक्ने देखिन्छ ।

### ख) कार्यान्वयन तहका लागि सुझाव

शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम लिइसकेपछि त्यसलाई कक्षाकोठामा पनि व्यवहारिक रुपमा प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । विद्यालय प्रशासनबाट शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई के कसरी कार्यान्वयनका ल्याएका छन् भन्नेबारेमा अनुगमन निरीक्षण गरी शिक्षकलाई आवश्यक मार्ग निर्देशन गर्नु पर्ने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी रुपमा कर्यान्वयन गर्नका लागि विद्यार्थी, शिक्षक, अभिभावक, तथा प्रशासनबीच आवश्यक समन्वय गर्नुपर्ने देखिन्छ । स्रोतकेन्द्रबाट निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यावन्वयनको बारेमा निरीक्षण अनुगमन गरी प्रभावकारी ढंगबाट कार्यान्वयन भएको नभएको जानकारी प्राप्त गर्नुका साथै सोही अनुसार शिक्षक तथा विद्यालय प्रशासनलाई मार्गदर्शन गर्नु पर्ने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि शिक्षक आफू पनि आफ्नो पेशाप्रति इमान्दार हुनुका साथै राजनीतिक प्रभावबाट मूक्त हुनु पर्ने देखिन्छ ।

### ग) अनुसन्धान तहका लागि सुझाव

भोलिका दिनहरुमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुले निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान अवस्था तथा यसका समस्याहरुको बारेमा गहन अध्ययन अनुसन्धान गर्न सकेको खण्डमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा देखापरका समस्याहरु केही मात्रामा भए पनि न्यूनीकरण हुने देखिन्छ । अध्ययन एवम् अनुसन्धान गर्दा निश्चित ठाउँलाई मात्र केन्द्रित नगरी सबैजसो विद्यालयमा सामान्यीकरण हुने गरी अनुसन्धान गर्न सकेको खण्डमा सबै विद्यालयका लागि प्रभावकारी हुने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको बारेमा अध्ययन अनुसन्धान गर्दा विद्यार्थी तथा अभिभावकहरुसँग पनि छलफल तथा अन्तरक्रिया गरेर अध्ययन अनुसन्धान गर्न सकेको खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

# सन्दर्भसामाग्री

**उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन** (२०५५), मकालु प्रकाशन गृह

काफ्ले बासुदेव र अन्य, **निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुका लागि सक्षमतामा आधारीत विद्यालय व्यवस्थापन तालिम श्रोत सामग्री**, शैक्षिक जनशक्ति विकास केन्द्र , भक्तपुर

ज.ब.रा. स्वयंप्रकाश, श्रेष्ठ चन्द्रबहादुर, रञ्जितकार किरणराम (२०६४), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार (२०६५), **आधारभुत प्राथमिक शिक्षक प्रशिक्षण,** शैक्षिक जनशक्ति विकास केन्द्र

नेपाल सरकार (२०६७), **निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका,** पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

नेपाल सरकार (२०६६) **निरन्तर विद्यार्थी मूल्याङ्कन स्रोत सामग्री,** पाठ्यक्रम विकास केन्द्र **।**

**प्राथमिक शिक्षा पाठ्यक्रम** (२०६२, कक्षा १-३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर ।

**प्राथमिक शिक्षा पाठ्यक्रम** (२०६४, कक्षा ४-५), पाठ्यक्रम विकास केन्द्र भक्तपुर ।

मुडवरी नवराज, खनाल श्री प्रसाद (२०६३), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौ : जुपिटर प्रकाशन तथा वितरक प्रा.लि.।

**राष्ट्रिय पाठ्यक्रम प्रारुप** (२०६३), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

**राष्ट्रि योजना आयोग** (२०६४-६७) तीन वर्षे अन्तरीम योजना काठमाण्डौ ।

श्री ५ को सरकार (२०६१ चौथौ संस्करण) **आधारभुत प्राथमिक शिक्षक प्रशिक्षण,** प्राथमिक शिक्षकहरुका लागि श्रोत सामग्री भाग १, शैक्षिक जनशक्ति विकास केन्द्र ।

श्री ५ को सरकार (२०५६) **निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक निर्देशिका**, पाठ्यक्रम विकास केन्द्र ।

श्री ५ को सरकार (२०५९) **मूल्याङ्कन प्रविधि,** प्राथमिक शिक्षक सेवाकालिन तालिम पाठ्यक्रम, शैक्षिक  जनशक्ति विकास केन्द्र ।

शर्मा, कुबेरनाथ (२०६३) **शिक्षाको दर्शनशास्त्रीय एवम् समाज शास्त्रीय आधार**, काठमाण्डौ : रत्न पूस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०५५), **पाठ्यक्रम र मूल्याङ्कन**, एम.के पब्लिशर्स एवं डिष्ट्रिव्युटर्स

सिंह, नागेश्वर (२०६३) **शिक्षाका आधारहरु,** काठमाण्डौ : पैरवी प्रकाशन ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था**

## अनुसूची १

निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा : ........ विषय : ..................... शैक्षिक सत्र : ........

| क्र. स | विद्यार्थीको नाम | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... | पाठ ..... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कक्षा शिक्षक : ......................... रुजु गर्ने : ......................

प्र.अ.को दस्तखत : ........................

द्रष्टव्य : यस सिकाइ अभिलेखका आधारमा विद्यार्थीको सिकाइउपलब्धिका बारेमा उनीहरुका अभिभावकलाई समय समयमा जानकारी गराउने ।

## निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

| क.सं. | विद्यार्थीको नाम थर | निरन्तर विद्यार्थी मूल्यांकन श्रेणी (क,ख,ग) | | | | | | | | जम्मा पूर्णांक ५० मा प्राप्तांक A | **लिखित परीक्षा** | | | जम्मा पू. ५० मा प्रातांक B | कूल प्राप्तांक (A+B) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | | द्वितीय | | वार्षिक | | औषत | | | प्रथम त्रै | दोस्रो त्रै. | तृतीय त्रै | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

**अनुसूची २**

## अनुसूची ३

## विद्यार्थी प्रगति विवरण (कक्षा १-३)

### शैक्षिक सत्र ............

विद्यालयको नाम : श्री ....................................

विद्यार्थीको नाम : ........................................

कक्षा : ........................ रोल नं. : .............................

| विषय | निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी (क,ख,ग) | | | आवधिक उपलब्धिस्तर लिखित तथा मौखित परीक्षाको आधारमा अङ्क दिने। तर सामान्यतया यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगती अभिलेख र प्रगती प्रतिवेदनका लागि मात्र हुनेछ । | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक | प्रथम त्रैमासिक मूल्याङ्कन | | दोस्रो त्रैमासिक मूल्याङ्कन | | वार्षिक मूल्याङ्कन | | |
| | | | | पूर्णाङ्क १०% | प्राप्ताङ्क | पूर्णाङ्क ३०% | प्राप्ताङ्क | पूर्णाङ्क ६०% | प्राप्ताङ्क | |
| नेपाली | | | | | | | | | | |
| अङ्ग्रेजी | | | | | | | | | | |
| गणित | | | | | | | | | | |
| सामाजिक अध्ययन | | | | | | | | | | |
| सिर्जनात्मक कला | | | | | | | | | | |
| विज्ञान तथा वातावरण | | | | | | | | | | |
| स्वास्थ्य तथा शारीरिक शिक्षा | | | | | | | | | | |
| स्थानीय विषय/मातृभाषा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| | | | | | | | | | | |

कक्षा शिक्षक : .......................................... रुजू गर्ने : .................................

प्र.अ.को दस्तखत : .....................................

## निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

## अनुसूची ४

## विद्यार्थी प्रगति विवरण (कक्षा ४-५)

## शैक्षिक सत्र ............

विद्यालयको नाम : श्री ....................................

विद्यार्थीको नाम : ........................................

कक्षा : ........................ रोल नं. : ..............................

<table>
<tr><th rowspan="3">विषय</th><th colspan="3">निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी (क,ख,ग)</th><th colspan="6">आवधिक उपलब्धिस्तर लिखित तथा मौखित परीक्षाको आधारमा अङ्क दिने। ५०%</th><th rowspan="3">जम्मा</th></tr>
<tr><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>वार्षिक</th><th colspan="2">प्रथम त्रैमासिक मूल्याङ्कन</th><th colspan="2">दोस्रो त्रैमासिक मूल्याङ्कन</th><th colspan="2">वार्षिक मूल्याङ्कन</th></tr>
<tr><th></th><th></th><th></th><th>पूर्णाङ्क १०%</th><th>प्राप्ताङ्क</th><th>पूर्णाङ्क ३०%</th><th>प्राप्ताङ्क</th><th>पूर्णाङ्क ६०%</th><th>प्राप्ताङ्क</th></tr>
<tr><td>नेपाली</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अङ्ग्रेजी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गणित</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सामाजिक अध्ययन</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सिर्जनात्मक कला</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>विज्ञान तथा वातावरण</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्वास्थ्य तथा शारीरिक शिक्षा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थानीय विषय/मातृभाषा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

कक्षा शिक्षक : ..........................................  रुजू गर्ने : ..................................

प्र.अ.को दस्तखत : ......................................

## निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

### अनुसूची ५

### शिक्षकहरुका लागि अन्तरवार्ता प्रश्नावली

शिक्षकको नाम थर : तह र श्रेणी

विद्यालयको नाम र ठेगाना अनुभव वर्ष

शैक्षिक योग्यता : तालिम

१) के तपाँई कक्षा शिक्षणका लागि दैनिक पाठयोजना तयार गर्नुहुन्छ ?

.................................................................................................................

२) कक्षा शिक्षणको क्रियाकलाप पछि शैक्षणिक उद्देश्य पुरा भए नभएको मूल्याङ्कन तत्कालै गर्नुहुन्छ ?

.................................................................................................................

३) तपाईलाई निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि कुनै ज्ञान छ ?

.................................................................................................................

४) निरन्तर वि. मूल्याङ्कनका लागि कुने किसिमको तालिम लिनु भएको छ ?

.................................................................................................................

५) कहिले देखी विद्यार्थीको निरन्तर मुल्याङ्कन गर्न थाल्नु भयो ?

.................................................................................................................

६) के विद्यालयमा नि.वि.मू. पद्धति लागु भएदेखी हालसम्म निरन्तर भइरहेको छ ? छैन भने किन ?

.................................................................................................................

७) कति कक्षा सम्म नि.वि.मू. लागु गर्नु भएको छ ?

.................................................................................................................

८) विद्यार्थीको लागि निरन्तर मूल्याङ्कन र औपचारीक परीक्षा मूल्याङ्कनमा कुन उपयुक्त हुन्छ र किन ?

.................................................................................................................

९) निरन्तर वि.मू.का लागि कस्ता कस्ता साधन/विधिहरु प्रयोग गर्नु भएको छ ?

.................................................................................................................

१०) निरन्तर वि.मू.का लागि कस्तो वातावरणको आशा गर्नुहुन्छ ?

.........................................................................................................

११) नि.वि.मू. मा देखिएका समस्याहरु के के हुन् ?

.........................................................................................................

१२) नि.वि.मू. का लागि शिक्षा कार्यालयका प्रतिनिधि (श्रोत व्यक्ति) तथा प्र.अ.बाट कस्तो सहयोगको अपेक्षा गर्नु भएको छ ?

.........................................................................................................

१३) नि.वि.मू.किन गरिएको होला ?

.........................................................................................................

१४) आफ्ना कक्षाका विद्यार्थीहरुको प्रगती र मूल्याङ्कनको अभिलेख ठिक दुरुस्त राख्न विषय शिक्षकहरु सँग समन्वय गर्नुभएको छ ?

.........................................................................................................

१५) वर्षमा कति पटक अभिभावकहरुलाई विद्यालयमा बोलाई उनीहरुको केटाकेटीहरुका कार्य सञ्चयीका अध्ययनगर्न दिने वा मौखिक रुपमा जानकारी गराउनु भएको छ ?

.........................................................................................................

१६) उदार कक्षोन्नती भई तल्लो कक्षाबाट आएका सबै विद्यार्थीहरुको कार्य सञ्चयिका अध्ययन गरी कमजोर विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण गर्नु भएको छ ? छ भने किन ? छैन भने किन ?

.........................................................................................................

१७) नि.वि.मू. प्रणाली प्रति तपाईको आफ्नो राय राखिदिनु हुन्छ की ?

.........................................................................................................

१८) नि.वि.मू. प्रणालीलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि प्रति तपाईको आफ्नो राय राखिदिनु हुन्छ की ?

## निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

## अनुसूची ६

## प्र.अ.हरुका लागि अन्तरवार्ता प्रश्नावली

प्र.अ.को नाम थर : तह र श्रेणी

विद्यालयको नाम र ठेगाना अनुभव वर्ष

शैक्षिक योग्यता : तालिम

१) तपाईको विद्यालयमा शिक्षकहरु शिक्षणका लागि कक्षाकोठामा जाँदा दैनिक पाठयोजना तयार गर्दछन् ?

........................................................................................................

२) शिक्षकहरुको कक्षा शिक्षण अवलोकनमा कत्तिको ध्यनान दिनु हुन्छ ?

........................................................................................................

३) शिक्षकहरुले दैनिक कक्षा शिक्षणमा शैक्षणीक उद्देश्य पुरा भए नभएको जाँच गर्न मूल्याङ्कन गर्नुहुन्छ ?

........................................................................................................

४) तपाइको विद्यालयमा कहिले देखी नि.वि.मू पद्धती लागु भयो ?

........................................................................................................

५) के विद्यालयमा नि.वि.मू. पद्धति लागु भएदेखी हालसम्म निरन्तर भइरहेको छ ? छैन भने किन ?

........................................................................................................

६) कति कक्षा सम्म नि.वि.मू. लागु गर्नु भएको छ ?

........................................................................................................

७) तपाईको विद्यालयमा सबै शिक्षकहरुले नि.वि.मू सम्बन्धि तालिम लिनु भएको छ ?

........................................................................................................

८) विद्यार्थीको लागि निरन्तर वि.मू र औपचारीक परीक्षा मू. कुन उपयोगी होला ? र किन ?

........................................................................................................

९) नि.वि.मू.का लागि शिक्षकहरुलाई कस्ता कस्ता साधन/विधि प्रयोग गर्न लगाउनु भएको छ ?

..........................................................................................................

१०) नि.वि.मू.का लागि शि.का., श्रोत व्यक्ति तथा अन्य निकायहरु बाट कस्तो सहयोग अपेक्षा गर्नु भएको छ ?

..........................................................................................................

११) नि.वि.मू मा देखिएका समस्याहरु के के होलान् ?

..........................................................................................................

१२) नि.वि.मू. मा देखिएका समस्याहरु समाधान कसरी गर्न सकिएला ?

..........................................................................................................

१३) शिक्षकहरुले राखेको कार्य सञ्चयीका फायल तथा अन्य अभिलेखहरु ठिक दुरुस्त छ छैन जाँच गरी आवश्यक सुझाव दिने गर्नुभएको छ ?

..........................................................................................................

१४) नि.वि.मू अनुरुप पाठ्यक्रमले तोकेको शैक्षिक उपलब्धि प्राप्त हुन सकेको छ त ?

..........................................................................................................

१५) नि.वि.मू लागु भए देखी हाल सम्म निरन्तर रुपम प्रयोग गरिदै आएको छ त ? छैन भने किन ?

..........................................................................................................

१६) नि.वि.मू सम्बन्धि आफ्नो राय राखिदिनु हुन्छ की ?

..........................................................................................................

## निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

## अनुसूची ७

## अध्यक्षहरुका लागि अन्तरवार्ता प्रश्नावली

नाम थर :

विद्यालयको नाम र ठेगाना

१) तपाईको विद्यालयमा शिक्षकहरु शिक्षणका लागि कक्षाकोठामा जाँदा दैनिक पाठयोजना तयार गर्दछन् ?

........................................................................................................................

२) शिक्षकहरुको कक्षा शिक्षण अवलोकनमा कत्तिको ध्यान दिनु हुन्छ ?

........................................................................................................................

३) शिक्षकहरुले दैनिक कक्षा शिक्षणमा शैक्षणीक उद्देश्य पुरा भए नभएको जाँच गर्नु मूल्याङ्कन गर्नुहुन्छ ?

........................................................................................................................

४) विद्यार्थीहरुको शैक्षिक प्रगती र मूल्याङ्कनको बारेमा विद्यालयमा गई प्र.अ.बाट समय समयमा जानकारी लिने गर्नुभएको छ ? छ भने किन ?

........................................................................................................................

५) तपाईको विद्यालयमा सबै शिक्षकहरुले नि.वि.मू सम्बन्धी तालिम लिनुभएको छ ?

........................................................................................................................

६) नि.वि.मू को कार्यान्वयन अवस्था कस्तो रहेको छ ?

........................................................................................................................

७) नि.वि.मू. कार्यान्वयन गर्दा कस्ता कस्ता समस्याहरु हुन्छन् जस्तो लाग्छ ?

........................................................................................................................

८) नि.वि.मू को सफल कार्यान्वयन का लागि के गर्नु पर्ला ?

........................................................................................................................

९) नि.वि.मू. सम्बन्धि आफ्नो राय राखिदिनु हुन्छ की ?

........................................................................................................................

## निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था

## अनुसूची ८

## श्रोतव्यक्तिहरुका लागि अन्तरवार्ता प्रश्नावली

स्रोत व्यक्तिको नाम थर :

श्रोत केन्द्र

१) तपाईको श्रोतकेन्द्रमा शिक्षकहरु दैनिक पाठयोजना तयार गरी कक्षाकोठामा अध्यापन गर्न जाने गर्दछन् ?

.....................................................................................................................

२) विद्यालयमा गई शिक्षकहरुको कक्षाकोठा अवलोकन गर्ने गर्नुभएको छ ?

.....................................................................................................................

३) तपाईको स्रोतकेन्द्र भित्र का विद्यालयहरुमा शिक्षकहरुले दैनिक कक्षा शिक्षणमा शैक्षणीक उद्देश्य पुरा भए नभएको जाँच गर्न मूल्याङ्कन गर्नुहुन्छ ?

.....................................................................................................................

४) तपाईको स्रोतकेन्द्रमा कहिले देखी नि.वि.मू. प्रणाली लागु भयो ?

.....................................................................................................................

५) के विद्यालयमा नि.वि.मू. लागु भएदेखि हाल सम्म निरन्तर सञ्चालनमा छ ?

.....................................................................................................................

६) हाल कति कक्षा सम्म नि.वि.मू. पद्धतिबाट विद्यार्थी मूल्याङ्कन गर्ने गरीन्छ ?

.....................................................................................................................

७) तपाईको स्रोतकेन्द्र भित्रका विद्यालयहरुका सबै शिक्षकहरुले नि.वि.मू. सम्बन्धि तालिम लिनु भएको छ ? छैन भने किन नलिनु भएको ?

.....................................................................................................................

८) तालिम अप्राप्त शिक्षकबाट उक्त पद्धति अनुसार विद्यार्थी मूल्याङ्कन प्रभावकारी होला ?

.....................................................................................................................

९) नि.वि.मू.का लागि शिक्षकहरुलाई कुन कुन साधन/विधि प्रयोग गर्न लगाउनु भएको छ ?

.....................................................................................................................

१०) नि.वि.मू.का लागि कुन कुन पक्षबाट कस्तो सहयोगको आवश्यकता पर्दछ ?

..........................................................................................................

११) नि.वि.मू.मा देखिएका समस्याहरु के के होलान् ?

..........................................................................................................

१२) नि.वि.मू मा देखिएका समस्यहरु कसरी न्यून गर्न सकिन्छ ?

..........................................................................................................

१३) नि.वि.मू अनुरुप पाठ्यक्रमले तोकेको शैक्षिक उपलब्धि प्राप्त हुन सकेको छ त ? छैन भने किन ?

..........................................................................................................

१४) अन्त्यमा नि.वि.मू प्रति आफ्नो राय राखिदिनुहुन्छ की ?

..........................................................................................................